# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०४ | काठमाडौं | शनिबार, २० साउन २०८० | Prabhab National Daily | Saturday, August 5, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## यस भित्र



सामुदायिक 'होमस्टे'मा जीन बैंक

(पृष्ठ ३ मा)



पर्यटकीय गन्तव्य बन्दै ऐतिहासिक ज्यामरुककोट

(पृष्ठ ४ मा)



ज्ञानेन्द्र मल्लले लिए क्रिकेटबाट सन्यास

(पृष्ठ ६ मा)

# 'न्यायालयमा विचौलियाको भूमिका न्यून भएको छ'



तस्विर: रासस

हरिकृष्ण कार्की, प्रधानन्यायाधीश

- सर्वोच्चमा पाँच वर्ष नाघेका मुद्दा शून्यमा झार्ने योजना थियो तर छ जना न्यायाधीश नभएका कारण सकिएन ।
- अदालतको फैसलाको निकास सडकबाट खोज्ने होइन । न्यायालयको फैसलालाई सडकमा लानु हुँदैन ।
- अरू कसैले मुद्दा जिताइदिन्छु भनेर विश्वास नगर्नूस् । अदालतले कानुन र प्रमाणका आधारमा मुद्दा फैसला गर्छ ।
- गोला प्रक्रियाले विचौलियाको अन्त्य गरेको छ । अहिले विचौलिया बर्बराउँदै हिँडेका छन् ।
- कहीं न्यायाधीश छैनन्, त कहीं इजलास छैन । कहीं इजलास छ, कर्मचारी छैनन् ।
- हरेक मुद्दालाई पारदर्शी, अनुमानयोग्य, निश्चिततामा आधारित न्याय प्रणालीको विकास गर्नुपर्ने हुन्छ । त्यस विषयमा धेरै काम गर्न बाँकी छ ।
- न्यायाधीश नियुक्ति, सरूवा, अनुशासनमा राखेर काम लगाउने, उनीहरूलाई वृत्ति विकासमा समान अवसर दिन सकियो भने न्यायपालिकाले अहिलेभन्दा विवादमुक्त र प्रभावकारी तरिकाले काम गर्न सक्छ ।

मुलुकको कानुनी क्षेत्रमा प्रभावशाली व्यक्तित्वका रूपमा स्थापित नेपालको ३०औं प्रधानन्यायाधीश **हरिकृष्ण कार्की** आज साउन २० गते अनिवार्य अवकासमा जाँदै छन् । २०१५ साउन २० गते ओखलढुंगाको माम्खा-१ मा जन्मिएका उनी गत असार १ गते प्रधानन्यायाधीशमा नियुक्त भएका थिए । वि.सं. २०४० देखि कानुन व्यवसायीका रूपमा ३० वर्ष काम गरेका कार्की नेपाल बार एसोसिएनका अध्यक्ष बने । उनी २०७० सालमा वरिष्ठ अधिवक्ता भए भने २०७२ असोज २८ गते नेपाल सरकारको महान्यायाधिवक्ता भएर करिब छ महिना काम गरे । वि.सं. २०७३ साउन १७ गतेदेखि सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त भएका उनले तत्कालीन कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीपछि २०७९ असोज १९ गतेदेखि कामु प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हालेका थिए । प्रस्तुत छ, प्रधानन्यायाधीश कार्कीसँग अवकासको पूर्वसन्ध्यामा *रासस* समाचारदाता **कालिका खड्का**ले गरेको कुराकानी:

**साउन २० गतेबाट अवकास हुँदै हुनुहुन्छ, कानुनको विद्यार्थी भएर देखेको न्यायालय, वकालत गर्दा भोगेको न्यायालय र प्रधानन्यायाधीश भएर चलाएको न्यायालय कस्तो रहेछ ?**

विद्यार्थीकालमा कानुन पढ्दा अहिलेजस्तो सहज थिएन । अदालतका सम्पूर्ण कामकारबाही नियाल्ने अवस्था हुँदैनथ्यो । अहिलेजस्तो सञ्चारमाध्यमले अदालतको कुरा बाहिर ल्याउने अवस्था थिएन । वि.सं. २०४० मा म कानुन व्यवसायीका रूपमा यो पेसामा आएको हुँ । त्यतिबेला पनि न्यायालयको विकृति र विसंगतिका बारेमा धेरै चर्चा हुने गरेको थियो । न्यायमा ढिलाइ, हेर्दाहेर्दैमा राख्न हुँदैन भन्ने थियो, निर्णय सुनाउनेमा राख्न हुँदैन भन्ने प्रश्न थियो । त्यो बेला पनि न्यायपालिकामा भ्रष्टाचार हुनु हुँदैन भन्ने थियो । जिल्लामा एउटा न्यायाधीशले सुरुदेखि अन्तिमसम्म मुद्दा हेर्ने गर्थे । त्यसले विचलन ल्यायो भनेर गोला प्रक्रिया र अटोमेसनमा जानुपर्ने कुरा उठेको थियो । अहिले प्रधानन्यायाधीश भएर काम गर्दा समयमा न्यायाधीश नियुक्ति गर्न नसक्दा सोचेअनुरूप छिटो छरितो रूपमा काम हुन सकेको छैन । वित्तीय स्वतन्त्रता र स्वायत्तता अदालतलाई छैन । कामको प्रकृतिलाई हेरेर त्यसअनुसारको व्यवस्था भयो भने न्यायपालिकाको भ्रष्टाचार शून्यमा झारी विकृति विसंगतिको अन्त्य गरेर सेवाग्राहीको चाहनाअनुसार गुणस्तरीय तरिकाले सेवा दिन सकिन्छ ।

(बाँकी पृष्ठ २ मा)

### सुन काण्डबारे संसदीय समितिमा प्रश्न

# बरामद होइन, सुन कति उम्कियो ?

**काठमाडौं (प्रस)**- संसदीय समितिले ललिता निवास, नक्कली भुटानी शरणार्थीदेखि सुनकाण्डसम्मका घटनाले सुशासनको विषयमा लज्जाबोध गराएको जनाउँदै त्यस्ता घटनाको गहिरो अनुसन्धान र निष्पक्ष छानबिनको माग गरेको छ ।

राज्यव्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा सदस्यहरूले संसद् नचलेको तथा कार्य क्षेत्रभित्र परेको विषयसँग सम्बन्धित १०० किलो सुन प्रकरणसहितका घटनाबारे गृहमन्त्रीलाई बोलाएर समितिमा प्रखर छलफलको आवश्यकता औँल्याए ।

राज्य व्यवस्था र सुशासनसँग सम्बन्धित विषयमा अत्यन्तै प्रभावशाली र क्रियाशील हुनुपर्नेमा एकपछि अर्को काण्ड भइरहेको समयमा अझ बैठक घनिभूत हुन आवश्यक रहेको बताउँदै उनीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चामा रहेका तीनवटै घटनाको निष्पक्ष छानबिन र अनुसन्धानबारे गृहमन्त्रीसँग जानकारी लिनुपर्ने सुझाव दिए ।

समितिको कार्य क्षेत्रभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा र गृह मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान, निर्वाचन र लोक सेवा आयोगसहित पर्छ । समिति सदस्य रवी लामिछानेले अन्तर्राष्ट्रिय सञ्जाल, संगठित अपराधसँग जोडिएका घटनाले भ्रष्टाचार नियन्त्रण, सुशासनलाई चुनौती दिएको बताउँदै गहिरो अनुसन्धान र निष्पक्ष छानबिनका लागि समितिको निर्देशन माग गरे ।

समितिका पूर्वसभापति एवं सदस्य हृदयराम थानीले मुलुकमा भएका पछिल्ला घटनाबारे गृहमन्त्रीबाट आवश्यक जानकारी लिनु स्वाभाविक भएको बताए । समिति सदस्य लिलानाथ श्रेष्ठले मुलुकमा पछिल्लो समय भएका ठूला घटनामा संलग्न मुख्य व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्न सरकारलाई कसले चुनौती खडा गऱ्यो भनी प्रश्न गरे ।

सांसद ईश्वरी न्यौपानेले विदेशमा पसिना बगाएर आउने श्रमिकले बोकेको चार आना देख्ने तर क्वीन्टलका क्वीन्टल सुन भन्सार पार हुँदा नदेख्ने घटनाले सुशासनको धज्जी उडाएको विचार राखिन् । समिति सदस्य विश्वप्रकाश शर्माले १०० किलो सुन बरामदको नभई कति उम्कियो भन्ने मुख्य प्रश्न भएको बताउँदै नक्कली शरणार्थीदेखि सक्कली सुनसम्मका घटनाको गहिरो अनुसन्धान र निष्पक्ष छानविनका लागि समितिमार्फत सरकारको ध्यानाकर्षण गराए ।



- विदेशमा पसिना बगाएर आउने श्रमिकले बोकेको चार आना देख्ने तर क्वीन्टलका क्वीन्टल सुन भन्सार पार हुँदा नदेख्ने घटनाले सुशासनको धज्जी उडाएको भनाइ
- नक्कली शरणार्थीदेखि सक्कली सुनसम्मका घटनाको गहिरो अनुसन्धान र निष्पक्ष छानविनका लागि सरकारको ध्यानाकर्षण
- ठूला घटनामा संलग्न मुख्य व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्न सरकारलाई कसले चुनौती खडा गऱ्यो ?

सदस्य कृष्णगोपाल श्रेष्ठले मुलुकमा पछिल्लोपटक सार्वजनिक भएका महत्त्वपूर्ण घटनालाई अनुसन्धान र छानबिनका हिसाबले टुंगोमा पुऱ्याउन आवश्यक रहेको धारणा राखे । सदस्य दिलेन्द्रप्रसाद वडूले १०० किलो सुन काण्डले भन्सार र सुरक्षाको क्षमतामाथि प्रश्न खडा गरे पनि सरकारकै संयन्त्रले पक्राउ गरेको घटनालाई पनि अन्यथा रूपमा हेर्न नहुने तर्क गरे ।

यसअघि बैठकमा समिति सचिवालयले तयार गरेको आन्तरिक कार्यविधि २०८० माथि भएको छलफलमा सदस्यले समितिलाई प्रभावकारी तुल्याउन तथा समयको परिमालनामा जोड दिँदै प्रेसलाई बैठकमा सहज पहुँच दिने विषयमा अन्यथा लिन नहुने धारणा राखेका थिए ।


## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धि सूचना

२०८०/०१/०१ गते देखि लागु हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रु १५,००,०००/-**

**सरकारी**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/- | २१००/- |
| भित्री पृष्ठ | १५००/- | १४००/- |
| अन्तिम पृष्ठ | १९००/- | १७००/- |

**प्राइभेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/- | २१००/- |
| भित्री पृष्ठ | १५००/- | १४००/- |
| अन्तिम पृष्ठ | १९००/- | १७००/- |

नोट : उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**

धुम्बराही-४, काठमाडौं ।

फोन नं. ०१-४३७३५७७, ४३७७८११

इमेल : *marketing2prabhab@gmail.com*

वेवसाइट : *www.prabhabonline.com*

# प्रेस रजिस्ट्रारलाई पत्रकार महासंघको ध्यानाकर्षणपत्र



■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारका श्रम समस्या समाधानका लागि दबावस्वरूप प्रेस रजिस्ट्रारको कार्यालयमा धर्ना दिएको छ। महासंघले शुक्रबार प्रेस रजिस्ट्रारको कार्यालय घेराउसहित प्रेस रजिस्ट्रारलाई ध्यानाकर्षणपत्र बुझाएको छ।

धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष विपुल पोखेलले पत्रकारिता क्षेत्रलाई श्रमशोषणमुक्त क्षेत्र घोषणा गर्ने महाअभियानमा महासंघ लागेको बताए । उनले पत्रकारका श्रम समस्यालाई सजिलै टुंग्याउन सकिने प्रक्रिया हुँदाहुँदै पनि राज्यका निकायहरूले नसुन्ने प्रवृत्ति बढ्दै गएका कारण सडकमा धर्ना तथा सामूहिक दबाबसहित आफ्नो आवाजलाई सरोकारवालासम्म पुर्‍याउन बाध्य भएको बताए ।

उनले पत्रकारिता क्षेत्र श्रमशोषित क्षेत्र हो कि भन्ने गलत भाष्य स्थापित हुन लागेको भन्दै यसले नयाँ पुस्तालाई यस क्षेत्रमा आउन निरुत्साहन गरेको बताए । उनले पत्रकारिता क्षेत्रलाई थप गुणस्तर बनाउन र श्रम शोषणमुक्त क्षेत्र बनाउनका लागिसमेत आन्दोलन गर्न बाध्य भएको बताए ।

सूचना तथा प्रसारण विभागका महानिर्देशक तथा प्रेस रजिस्ट्रार शंकर नेपालले आफूले पाएको अधिकार क्षेत्रभित्र रहेर वार्ता, मेलमिलाप र मध्यस्तताका आधारमा पीडितलाई न्याय निरूपण गर्दै आएको बताए । उनले यी प्रक्रियाबाट समस्या हल नभए प्रचलित कानुनअनुसार अघि बढ्न आग्रह गरेको बताए । उनले प्रेस रजिस्ट्रारको तोकिएको भूमिका विभागले निर्वाह गर्दै आएको बताए ।

महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले नेपाली पत्रकारिता क्षेत्र श्रम अधिकार प्राप्तिको लडाँइमा रहेको बताए । उनले भने, 'कोभिडपछि श्रम समस्या निक्कै पेचिलो बन्दै आएको छ । पत्रकारलाई सेवाबाट निकाल्ने, कानुनअनुसारका कुनै पनि सेवा सुविधा नदिने, काम गर्ने वातावरण नदिने, हतोत्साहित गर्ने र पत्रकारिता जस्तो प्राज्ञिक पेसामा अत्यन्तै गैरव्यावसायिक आचरण प्रकट भएको हुनाले, खासगरी सञ्चारगृह र कर्पोरेट भनिएका सञ्चारगृहबाट यस्तो खालको व्यवहार भएकाले महासंघले निरन्तर दबाब दिने, संवाद गर्ने, कानुनी लडाइँ लड्दासमेत उचित समाधान निस्किन सकेन ।'

उनले पत्रकारिता क्षेत्रमा देखिएको पेसागत असुरक्षाको वातावरण दिनानुदिन बढ्दै गहिरहेका कारण सञ्चारगृहमा पनि यस्तै खाले धर्ना दिने बताए । महासंघका केन्द्रीय सदस्य रामकृष्ण अधिकारीले श्रमजीवी पत्रकारले प्रेस रजिस्ट्रारको कार्यालयमा निवेदन दर्ता गर्नसमेत समस्या झेल्नुपरेको भन्दै यस्ता समस्या अन्त्य गर्न आग्रह गरे ।

महासंघले श्रमजीवी पत्रकारको हक अधिकार स्थापित गर्न चरणबद्ध आन्दोलन घोषणा गरेको छ । सोहीअनुसार शुक्रबार प्रेस रजिस्ट्रारको कार्यालय घेराउ गर्नुका साथै ज्ञापनपत्र बुझाएको हो । कार्यक्रममा महासंघका पदाधिकारी तथा केन्द्रीय सदस्यसहित सरोकारवालाको उपस्थिति रहेको थियो ।

# 'युथ पोलिसी कन्क्लेभ'मा युवाका मुद्दामाथि बहस

**काठमाडौं (प्रस)-** नेपाल युवा संस्था सञ्जाल (आयोन)ले युवा नीतिका विषयमा युथ पोलिसी कन्क्लेभ कार्यक्रम सम्पन्न गरेको छ । आयोनले ब्रिटिस काउन्सिल तथा अन्तर्राष्ट्रिय श्रम संगठनको सहकार्यमा युवा नीतिसँग जोडिएका नीति निर्माता र सरोकारवालालाई सहभागी गराएर उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा आयोनका अध्यक्ष विकल राईले युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू, प्रतिनिधिसभा सदस्य प्रदीप पौडेल, विराजभक्त श्रेष्ठ, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जिला शाक्यलगायतलाई आयोन कार्यरत विभिन्न पैरवीका क्षेत्रहरू समेटी १४ बुँदे मागपत्र बुझाए। आयोनले युवाको सवाल समेटी बुझाएको मागपत्र बुझ्दै मन्त्री लिम्बूले यसबारे आफ्नो ध्यानाकर्षण भएको भन्दै थप छलफलका लागि मन्त्रालयमा आमन्त्रण गरे ।

कार्यक्रमको पहिलो नीति संवाद छलफलमा आयोनले वर्तमान परिप्रेक्षमा युवाहरूको समग्र वस्तुस्थिति, समस्या, युवासम्बन्धी नीतिपत्रहरूमा आवश्यक परिमार्जनबारे छलफल गर्दै, समग्र युवापुस्ताको तर्फबाट केही महत्त्वपूर्ण नीतिगत तथा कार्यक्रमगत सुझावहरू पेस गरेको छ । सोही कार्यक्रममा आयोनले जलवायु परिवर्तन र युवा उद्यमशीलता प्रवर्द्धनका विषयमासमेत नीति संवाद आयोजना गरेको थियो। उक्त कार्यक्रममा सयौं युवा, साझेदार संस्था, नीतिनिर्माताहरू, स्थानीय सरकारका प्रतिनिधि, शिक्षाविद् र राजनीतिक नेताहरूको उपस्थिति रहेको थियो।



दोस्रो नीतिसंवाद छलफलमा 'युवा र विश्वव्यापी चुनौतीहरू' शीर्षकअन्तर्गत जलवायु परिवर्तनले विश्वव्यापी साथै नेपालको सन्दर्भमा कसरी र कस्तो प्रभाव पारिरहेको छ र यसको समाधान र अनुकूलनमा युवाहरूको आवश्यक संलग्नता कस्तो हुन सक्छ भन्ने विषयवस्तुमा गहन छलफल गरिएको आयोजकले जनाएको छ। सो संवादमा प्यानलिस्टका रूपमा सांसद विराजभक्त श्रेष्ठ, वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. बुद्धिसागर पौडेल र जलवायु अभियन्ता शीलशीला आचार्य सहभागी थिए ।

तेस्रो नीति संवाद छलफलमा 'विमानस्थल कि उद्यमस्थल' विषयमा युवाहरूलाई विदेश नभई देशमै उद्यम गर्ने वातावरण सिर्जना गर्न तथा युवा उद्यमशीलता प्रवर्द्धनका मुद्दाहरूमा संघीय तथा स्थानीय सरोकारवालाको के-कस्ता भूमिका हुन सक्छन् भन्नेबारे छलफल गरिएको थियो। उक्त संवादमा प्यानलिस्टका रूपमा सांसद सुमना श्रेष्ठ, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव भण्डारी, ललितपुर महानगरपालिकाकी उपमेयर शाक्य तथा उद्यमी प्रकृति मैनाली सहभागी थिए।

## न्यायालयमा विचौलियाको...

पृष्ठ १ बाट जारी

**प्रधानन्यायाधीश पदमा रही कामकाज गर्दाको अनुभव कस्तो रहयो ?**

छोटो समयमा काम गर्नुपर्दा सोचे जसरी काम गर्न कठिनाइ भयो । तर म केही समय कायममुकायम प्रधानन्यायाधीश रहँदा पनि कार्यकारीको हैसियतले नै काम गर्न पाएको हुनाले सुरुदेखि नै न्यायपालिकाको सुधार अभियान सञ्चालन गर्ने भूमिका निर्वाह गर्न पाएँ। त्यसमा सबै न्यायाधीश र प्रशासनको सहयोगबाट न्यायपालिका सुधारका पाइला चाल्न सकियो । सुधारका लागि अझै गर्न बाँकी छ । नयाँ काम सुरुआत गरेर अन्तिम रूप दिनचाहिँ सकिनँ तर नियमितरूपमा गर्नुपर्ने काम गरेँ । विचौलियाको भूमिकालाई पाइलापिच्छे अन्त्य गर्ने कामको सुरुआत भयो । यसलाई निरन्तता दिनुपर्ने जरुरी छ । न्यायपालिकाको स्वतन्त्रताका लागि काम गर्नुपर्छ ।

**न्यायालय सफलतापूर्वक सञ्चालन गर्नका लागि न्यायलय र बारसँगको सम्बन्ध अर्थपूर्ण हुन्छ भनिन्छ। तपाईले न्यायालयको नेतृत्व गर्दा यस सम्बन्धमा अनुभव कस्तो रहयो ?**

बारमा बस्दा र न्यायपालिकाको नेतृत्व गरिरहँदा दुवै अवस्थामा मेरो एउटै मान्यता रहेको छ । न्यायपालिका र बार एकअर्काको परिपूरक हुन् । एकअर्काको सहयोगमा मात्र आफ्ना कार्ययोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकिन्छ। अदालतभित्रका हरेक समितिमा बार एसोसिएसनको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । मैले न्यायालयको नेतृत्व गर्दा पनि बार एसोसिएसनको पूर्णसहयोगमा काम अघि बढेको छ । बारलाई समेत बोलाएर मुद्दा व्यवस्थापन समितिमा पाँच वर्ष नाघेका मुद्दा फर्स्योट गर्न सर्वोच्चमा र दुई वर्ष नाघेका मुद्दा जिल्ला र उच्च अदालतमा शून्य बनाउने अभियान सुरु गरियो । सर्वोच्चमा पाँच वर्ष नाघेका मुद्दा शून्यमा झार्ने योजना थियो तर छ जना न्यायाधीश नभएका कारण सकिएन । न्यायाधीशको अभावका बाबजुद पनि धेरै मुद्दा फर्स्योट गर्न सकिएको छ । यो बार-बेञ्चको सुमधुर सम्बन्धका कारणले सम्भव भएको हो ।

**पछिल्लो समयमा न्यायालयका फैसलाविरुद्ध पनि सडकबाट समाधान खोज्ने प्रयत्न गरिँदै छ। यसलाई कसरी हेर्नुभएको छ ?**

अदालतको फैसलाको निकास सडकबाट खोज्ने होइन। न्यायालयको फैसलालाई सडकमा लानु हुँदैन। विवादास्पद मुद्दामा फैसला गर्न असहज हुन्छ नै। त्यसका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्छ। न्यायलयले गरेको फैसलालाई विवादमा ल्याउन हुँदैन ।

**न्यायालयमा विचौलिया हावी भएको आरोप छ, न्याय महँगो र ढिला भएको भन्ने गुनासो पनि छ, यदि यो सत्य हो भने यसलाई चिर्न के गर्नुपर्ला ?**

पछिल्लो समय न्यायालयमा विचौलियाहरूको भूमिका न्यून भएर गएको छ। कानुन व्यवसायी र सेवाग्राहीबाट पनि त्यस्ता खालका गुनासो आएको छैन । कानुन र नियमलाई छाडेर अन्य प्रभावमा परेर न्यायमा विचलन ल्याउने कुरा स्वीकार्य हुँदैन। स्थापित मूल्य मान्यता र नजिरका आधारमा फैसला गर्दा कुनै पनि कारबाहीको भागीदार हुनु पर्दैन भनेर सबै अदालतमा भनिएको छ। त्यसपछि विचौलियाको भूमिका न्यून भएको छ । अरु कसैले मुद्दा जिताइदिन्छु भनेर विश्वास नगर्नूस् । अदालतले कानुन र प्रमाणका आधारमा मुद्दा फैसला गर्छ। गोला प्रक्रियाले विचौलियाको अन्त्य गरेको छ। अहिले विचौलिया बर्बराउँदै हिँडेका छन्। उनीहरूको भूमिका नगन्य छ । न्यायलाई छिटो, छरितो बनाउनुपर्छ भन्ने छ तर न्यायाधीशको कमी छ ।

कुनै अदालतमा चार न्यायाधीश भएको ठाउँमा दुई न्यायाधीशले काम चलाउनु परेको छ । जिम्मेवार निकायहरू जिम्मेवार नहुँदा अहिले यो अवस्था आएको हो। सबै जिम्मेवार र जवाफदेही हुनुपर्छ। कुनै पनि प्रकारको बहानाबाजीले राम्रो गर्दैन । गुणस्तरीय, सहज, सुलभ बनाउनका लागि आवश्यक स्रोत र साधनको व्यवस्था गरिनुपर्छ । ठीक मान्छेलाई ठीक ठाउँमा राखेर वैज्ञानिक तरिकाले काम गरेर जान जरुरी छ। समयमा काम गर्नका लागि भौतिक अवस्था पनि राम्रो हुनुपर्छ। कहीँ न्यायाधीश छैनन्, त कहीँ इजलास छैन । कहीँ इजलास छ, कर्मचारी छैनन्। यस्ता समस्यालाई व्यवस्थापन गरेर अघि बढ्नुपर्छ। न्यायाधीशको नियुक्ति, कर्मचारीको बढुवामा पारदर्शिता अपनाउन सकेनौं, नातावाद, कृपावाद, संरक्षणवाद र अनि राजनीति हावी भयो भन्ने आरोपहरूको समाधान गर्नका लागि न्याय परिषद्बाट न्यायाधीश नियुक्ति गर्नका लागि मापदण्ड बनायौं। न्यायाधीश नियुक्ति प्रक्रियालाई पारदर्शी गर्न सकिएमा योग्य, इमान्दार र सदाचारी व्यक्तिहरू न्यायाधीशमा आउन सक्छन्।

**न्याय परिषद्को संरचना, गठन र कार्यसम्पादन प्रक्रियाप्रति यहाँको धारणा के छ ? प्रधानन्यायाधीश भएर काम गर्दा न्यायालयमाथि राजनीतिक प्रभाव परेको अनुभव गर्नुभयो ?**

न्याय परिषद्को संरचना पुनरावलोकन गर्नुपर्छ। त्यो कुरा मेरो नेतृत्वको प्रतिवेदनमा पनि छ। न्याय परिषद्को कारणले पनि बैठक बस्न कठिनाइ भएको कुरा सत्य हो। लोकतान्त्रिक संस्कार संविधानले नै कोरेको गोरेटो हो । न्याय परिषद्मा रहने व्यक्तिहरू जुन पदीय हैसियतका हुनुहुन्छ, त्यसको मर्यादा र शिष्टताका हिसाबले सबैको अनुकूलनबाट बैठक गर्नुपर्छ भन्ने मान्यताले बैठक बस्न कठिन भयो । न्यायपालिकाको नेतृत्वले नै राजनीतिलाई हस्तक्षेप गर्न अवसर दिएको हो कि भन्ने लागेको थियो तर मैले राजनीतिलाई अदालतमा प्रवेश गर्ने मौका दिइनँ। त्यो नदिएको कारण न्यायिक कार्यसम्पादन र सरुवा, बढुवा वा नियुक्ति प्रक्रियामा राजनीतिक हस्तक्षेप व्यहोर्नु परेन । आफूले न्यायपालिकाको स्वतन्त्रतालाई अन्तःस्करणबाट व्यवहार गरियो भने अरुले आँटै गर्न सक्दैनन्।

**प्रधानन्यायाधीशका हैसियतले न्यायालय सुधारका पक्षमा आफूले गर्न खोजेका तर कारणवश गर्न नसकेको र नभ्याएका केही कामहरू छन् ?**

न्यायपालिकाका केही नीतिगत, कार्यगत र संरचनागत सुधारमा योजना बनाइएको थियो । केही नीतिगत परिवर्तन गरेर सुधारका कार्यक्रमहरू सञ्चालन भएका छन्। औचित्य समाप्त भएका मुद्दाहरू नीति बनाएर अन्त्य गरेका छौं । छिटो टुंग्याउनुपर्ने मुद्दाहरूलाई पनि अध्ययन गरेर काम गरिएको छ। केही विषयहरू पूर्ण बैठक (फूल कोर्ट)मा राखेर पनि निर्णय गरेका छौं । सरकारको नीति नै एक तहमाथि पुनरावेदन जाने खालको छ। संरचनागत सुधारका काम पनि बाँकी छन्। न्यायाधीशको नियुक्तिलाई निर्विवाद बनाउन केही कामहरू भएका छन्।

**मुलुकको न्याय प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन के सुझाव दिनुहुन्छ ?**

हरेक मुद्दालाई पारदर्शी, अनुमानयोग्य, निश्चिततामा आधारित न्याय प्रणालीको विकास गर्नुपर्ने हुन्छ। त्यस विषयमा धेरै काम गर्न बाँकी छ। यी विषयलाई सम्बोधन गरेर जानुपर्ने जरुरी छ । न्यायाधीश नियुक्ति, सरुवा, अनुशासनमा राखेर काम लगाउने, उनीहरूलाई वृत्ति विकासमा समान अवसर दिन सकियो भने न्यायपालिकाले अहिलेभन्दा विवादमुक्त र प्रभावकारी तरिकाले काम गर्न सक्छ। न्यायपालिकाप्रति अन्य निकाय, नागरिक समाजको भूमिका पनि सकारात्मक ढंगले अघि बढेर सहयोगात्मक, समन्वयात्मक र सकारात्मक भएर अगाडि लैजाने कुरामा बाहिरबाट पनि सहयोग हुनुपर्छ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

साउन २० गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ। |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ। |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम बन्नसक्छ। |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला। |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ। |
| **कन्या** | राजनीतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ। |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला। |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ। |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ। |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन २० गते, २०८०, ०५ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन प्रयासरत छौं : रक्षामन्त्री खड्का

■ प्रभाव संवाददाता



**काठमाडौं-** उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले राष्ट्रिय सुरक्षाको आयाम परम्परागत दृष्टिकोणबाट व्यापक र फराकिलो भइसकेको बताएका छन् । सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरीको निरीक्षण भ्रमणका क्रममा शुक्रबार तालिमरत शिक्षार्थी अधिकृतलाई सम्बोधन गर्दै उनले राष्ट्रिय सुरक्षा राजनीतिक, सामाजिक, आर्थिक एवं भौगोलिकलगायतका अन्य सबै पक्षको समग्र सुरक्षा भएको स्पष्ट पारे ।

'राष्ट्रिय सुरक्षाको आयाम सैनिक शक्तिलाई मात्रै आधार बनाई बुझ्ने परम्परागत दृष्टिकोणबाट व्यापक र फराकिलो भइसकेको परिप्रेक्षमा यसले राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यावरणीय एवं मानवीय पक्षलगायतलाई पनि सम्बोधन गर्नु उत्तिकै आवश्यक छ । यी विषयवस्तुलाई पनि तालिममार्फत तपाईंहरूले ग्रहण गर्नुहुनेमा विश्वास छ,' उनले भने ।

विश्व परिवेशमा देखापरेका विभिन्न घटनाक्रमका कारण अन्तर्राष्ट्रिय सुरक्षा वातावरणमा आइरहेको परिवर्तन, सूचना एवं प्रविधिको तीव्रगतिमा भइरहेको विकासक्रमका साथै राष्ट्रियरूपमा राजनीतिक, सामाजिक, सांस्कृतिक एवं आर्थिक क्षेत्रमा देखिएका परिवर्तनले राष्ट्रिय सुरक्षामा प्रत्यक्ष प्रभाव पारिरहेको उनको भनाइ थियो । उनले प्रत्येक राष्ट्रले आ-आफ्नो मूल्यमान्यता र मूल नीतिमा आधारित रहेर राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन प्रयासरत रहेको उल्लेख गरे ।

सो अवसरमा उपप्रधानमन्त्री खड्काले सैनिक कमाण्ड तथा स्टाफ कलेजलाई स्रोत र साधनको व्यवस्था गरी सर्वोत्कृष्ट शिक्षालयका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । तालिमरत शिक्षार्थी अधिकृतलाई सम्बोधन गर्दै कलेजलाई 'सेन्टर फर एक्सिलेन्स' बनाउने सन्दर्भमा रक्षा मन्त्रालय सदैव सकरात्मक रहेको उल्लेख गरे । उनले उच्चस्तरीय तालिम सञ्चालनका लागि राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनमा नआउँदासम्म यहाँ सञ्चालन गरिने तालिमले नै राष्ट्रिय सुरक्षामा टेवा पुग्नेमा विश्वास व्यक्त गरे ।

'राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति तथा कूटनीति, राजनीतिक अर्थशास्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति सेनासम्बन्धी विषय, राष्ट्रिय सुरक्षामा विभिन्न सरकारी तथा गैरसरकारी निकायबीचको समन्वयसम्बन्धी विषय, परम्परागत र आधुनिक, सैद्धान्तिक एवं व्यावहारिक शिक्षा दिँदै आइरहेको यस कलेजलाई भविष्यमा उत्कृष्ट शिक्षालय बनाउन रक्षा मन्त्रालयको सदैव सकारात्मक सहयोग रहनेछ,' उनले भने ।

उनले तालिमको महत्त्वलाई राम्रोसँग अंगीकार गर्न तालिमरत शिक्षार्थीसमक्ष आग्रह गरे । 'तपाईंहरू भविष्यमा नेपाली सेनाको नेतृत्व तहमा पुग्नुहुनेछ, तसर्थ भविष्यमा तपाईंलाई प्राप्त हुने जुनसुकै जिम्मेवारी वहन गर्ने क्रममा यस तालिमको महत्त्वलाई राम्रोसँग अंगीकार गर्नुहुनेछ भन्नेमा विश्वस्त छु,' उनले भने ।

उपप्रधानमन्त्री खड्काले अन्य सुरक्षा निकायबाट पनि उत्कृष्ट अधिकृतहरू सहभागी हुने हुँदा आ-आफ्नो संगठनमा उदाहरणीय रूपमा जिम्मेवारी वहन गरी आफूलाई अब्बल प्रमाणित गर्न तालिमरत शिक्षार्थीलाई सुझाव दिए । वि.सं. २०४७ सालमा शाही नेपाली सैनिक तालिम प्रतिष्ठानका रूपमा स्थापित उक्त संस्थानले आजका दिनसम्म आइपुग्दा नेपाली सेनाको गौरव गर्न लायक संस्थाको रूपमा रहेको उनको भनाइ थियो । कलेजमा अन्तर्राष्ट्रिय विद्यार्थीसमेतको सहभागिताले अन्तर-सांस्कृतिक ज्ञान र अनुभवको आदानप्रदान गर्ने अवसरसमेत उपलब्ध भएको उनले बताए ।

दक्ष एवं योग्य प्रशिक्षक, छिमेकी एवं अन्य मित्रराष्ट्रका प्रतिनिधिहरूको सहभागिता, राम्रो हावापानी एवं कलेजको रमणीय भौगोलिक अवस्थिति, सांस्कृतिक आदानप्रदान तथा अन्तरघुलन, लब्धप्रतिष्ठित विज्ञहरूसँग अन्तरक्रिया गर्ने अवसरले कलेजले छुट्टै पहिचान बनाएको आफूले पाएको उपप्रधानमन्त्री खड्काको कथन छ । 'कलेजको गरिमामय इतिहासकै कारण विभिन्न मित्रराष्ट्रबाट आउनुभएका सैनिक अधिकृतहरू यहाँ अध्ययनरत हुनुहुन्छ, यो हामी सबैका लागि गर्वको विषय हो,' उपप्रधानमन्त्री खड्काले भने, 'यसले कलेजको विशिष्टता थप प्रस्ट पार्छ । संस्थागत रूपमा नेपाली सेना र व्यक्तिगतरूपमा यहाँका शिक्षक वर्गले गरेको निरन्तरको मेहनत र प्रयासको उच्च मूल्यांकन गर्न चाहन्छु ।'

उनले कलेजसँग सम्बन्धित चुनौती तथा समस्या समाधान गर्दै आगामी दिनमा कलेजको प्रभावकारी सञ्चालन, व्यवस्थापन एवं सुरक्षाका लागि व्यावसायिक प्रशिक्षक, आधुनिक एवं सुविधा सम्पन्न आवास व्यवस्थापनका लागि सहयोगको प्रतिबद्धता व्यक्त गरे । साथै, शारीरिक अभ्यास, खेलकुद एवं मनोरञ्जनात्मक व्यवस्थामा स्तरोन्नति, आवश्यकताअनुसार सिकाइलाई थप प्रभावकारी बनाउन वैदेशिक भ्रमणलगायतको व्यवस्थापनका लागि समेत सरकारका तर्फबाट पहल गर्ने उनको भनाइ छ ।

# सामुदायिक 'होमस्टे'मा जीन बैंक




**जानकी-** आनुवांशिक स्रोत संरक्षण गर्ने उद्देश्यले गाभर भ्याली सामुदायिक जीन बैंक स्थापना गरिएको छ । गाभर (च्यामा गाभर सुतैया क्लस्टर) क्षेत्रलाई एउटा क्षेत्रका रूपमा लिई वि.सं. २०७९ फागुन २४ गते नेपाल सरकारबाट अध्ययन तथा अनुसन्धानपश्चात् उक्त क्षेत्रमा सामुदायिक जीन बैंक स्थापना गरिएको हो ।

थुप्रै घरायसी जीन बैंक मिलेर सामुदायिक जीन बैंक बन्ने सामुदायिक जीन बैंक सञ्जालका सचिव एवं गाभर भ्याली सामुदायिक होमस्टेका (घरबास) सञ्चालक कृष्ण चौधरीले बताए । उनका अनुसार जीन बैंक स्थापना भएसँगै गाभर भ्याली होमस्टे क्षेत्रका बासिन्दा आणुवाशिंक स्रोत संरक्षणमा सक्रिय छन् । 'यस क्षेत्रका समुदाय जीन बैंक स्थापनाका लागि परम्परागत शैलीमा संरक्षण गर्न अग्रसर छन्,' उनले भने ।

समुदायको जिम्मेवारीमा आफ्नो क्षेत्रमा पाइने बाली, घाँसे बाली, जलीय कृषि वस्तु, पशुपक्षी, किरा, सूक्ष्म जीवाणुको आणुवांशिक विविधता संरक्षण तथा उपयोग हुनेगरी गरिएको व्यवस्थापन प्रणाली नै सामुदायिक जीन बैंक हो । कृषिको सबै जात (बाली, घाँसेबाली, पशुपक्षी, किरा, सुक्ष्म जीवाणु र जलीय जीवको संरक्षण तथा उपयोगमा जोड दिन २०७८ फागुन २४ गते उक्त जीन बैंक स्थापना गरिएको थियो ।

नेपाल कृषि जैविक विविधतामा धनी छ तर मौलिक वस्तु लोप हुनेक्रम तीव्र भएकाले जीन बैंक स्थापना भएदेखि कृषि जैविक विविधताभित्र पर्ने छ प्रकारका आणुवांशिक स्रोतको संरक्षण भएको छ । गाभर भ्याली पर्या-पर्यटकीय क्षेत्र भएको हुँदा यस क्षेत्रमा आउने पर्यटकले अणुवांशिक स्रोत संरक्षण गर्नुपर्छ भन्ने ज्ञानको विकास भएको जीन बैंक सञ्जालका सचिव चौधरीले बताए ।

मौलिक वस्तु तथा प्रविधि नै जीवन र आर्थिक उन्नतिका आधार भए पनि करिब ५० प्रतिशत रैथाने कृषि विविधता हराइसकेको छ । कृषिको सबै जातलाई समेटेर समुदाय तहमा संरक्षणका लागि पहल गर्न नेपालमा सामुदायिक बीउ बैंक वि.सं. २०५१ मा स्थापना भए पनि त्यसको खासै प्रभाव भने देखिएको छैन । *रासस*

**धनगढी नगरपालिका ६ का बिसन बोहोराका नाममा जारी गरिएको १५ दिने सार्वजनिक सूचना**

का.म.पा. वडा नं. ६ अन्तर्गत **रत्नकुमारी श्रेष्ठ**को नाममा रहेको का.म.न.पा. ६ पशुपति मार्ग स्थित भुइँ तलाको कोठा बाहलमा बस्ने कैलाली जिल्ला धनगडी नगरपालिका वडा नं. ६ घर भएका **बिसन बोहोरा** र **शिवम बोहोरा** (९८०८०९५८९१) ले गत २०७९ साल चैत महिनाबाट ५ महिनादेखि कोठा बन्द गरी सम्पर्क बिहिन भएकोले १५ दिन भित्र सम्पर्क गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

**का.म.पा.-६, वडा कार्यालय बौद्ध, काठमाडौं**

**काठमाडौं महानगरपालिका**
**नगरपालिकाको कार्यालय**
**२६ नं. वडा कार्यालय**
**लैनचौर काडमाडौं, बागमति प्रदेश, नेपाल**

**१५ दिन भित्र उपस्थित हुन आउने बारे सूचना**

उपरोक्त सम्बन्धमा यस वडा अन्तर्गत बवी डंगोल (दाहाल) को नाममा दर्ता रहेको का.जि.म.न.पा वडा नं. २९ हाल का.म.पा हाल वडा नं.२६ कि.न. ५७० कित्ता जग्गाहरूमा बनेको घर भाडा लिइ संचालन हुदै आएको ववइ टोकियो गेष्टहाउस (**संचालक अम्वीका कार्की** (ना.प्र.नं. ०६१०३७०१४५२३७) ले विगत २१ महिना देखि भाडा नतिरी सम्पर्कमा नै आउन छाडेको र पटक पटक मौखिक तथा लिखित रूपमा बहाल बुझाई घर खाली गरिदिन अनुरोध गर्दा समेत उजुरवालाको अनुरोधलाई अटेर र वेवास्ता गरेकोले उक्त घर खालि गर्नका लागि बेवास्ता गरेको भनि बवी डंगोलले निवेदन दिनुभएको हुँदा ववइ टोकियो गेष्टहाउस सञ्चालक अम्वीका कार्कीलाई १५ दिन भित्र यस का.म.पा २६ वडा कार्यालयमा उपस्थित हुन काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम यो सूचना जारी गरिएको छ ।

**ख्यामराज तिवारी**
**वडा अध्यक्ष**

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : U-BIX PAPER COATING SB
पूर्व स्वीकृति मिति २०७९/०४/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 269088 चलानी नं. ६०१८५००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 12 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WSL ENVIRONMENTAL SERVICES SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 269283 चलानी नं. ६०१८५१९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALL STAR HEALTH SPA FOR MEN
पूर्व स्वीकृति मिति २०८०/०४/१९ LT. No. 290262 चलानी नं.६०२०५६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Therapist Masseur | 1 | 0 | 150 | ६४,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY.
पूर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 285485 चलानी नं.६०२००९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 0 | 21 | 85 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL ARAQA TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No.287342 चलानी नं. ६०२०२७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 4 | 0 | 1900 | ६८,९५५ | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३६,२९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROFESSIONAL LATEX SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No.277349 चलानी नं. ६०१९२९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 200 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAM SOON EDIBLE OILS SDN.
पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१९ LT. No. 269389 चलानी नं. ६०१८५२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०
**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C
पूर्व स्वीकृति मिति २०८०/०१/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१८ LT. No. 285417 चलानी नं. ६०२००८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 850 | ३०,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Filling Clerk | 30 | 20 | 2000 | ७१,३२५ | | | | | | | |
| 3 | Messenger | 20 | 0 | 1700 | ६०,६२५ | | | | | | | |
| 4 | Packer | 43 | 0 | 900 | ३२,०९५ | | | | | | | |
| 5 | Plumber | 20 | 0 | 1200 | ४२,७९५ | | | | | | | |
| 6 | Porter | 50 | 0 | 850 | ३०,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Hotel Intourist Itahari Sunsari मा मिति: २०८० साउन ३१/३२ र भदौ १/२ गते (16/17/8/19th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



# पर्यटकीय गन्तव्य बन्दै ऐतिहासिक ज्यामरुककोट

प्राकृतिक सुन्दरता, गाउँले जनजीवन, आफ्नै रहनसहन र परम्पराले भरिएको भए पनि ज्यामरुककोटको आकर्षक भनेको यहाँबाट देखिने प्राकृतिक दृश्य, ऐतिहासिक कोतघर र गौश्वाराका परम्परागत ढुंगेघर नै हुन् । उत्तरतर्फ आँखै अगाडि देखिने सेताम्ये हिमाल, बेनी र बागलुङको सहरी दृश्य, रत्नेचौर, पञ्चकोट, पञ्चासे, मल्लाज, पुलाचौर, ढोल्ठान, ताकम, राँखुलगायत मुस्ताङ र पर्वतका दर्जनौं ग्रामीण क्षेत्रको प्राकृतिक दृश्यावलोकन तथा यहाँका घरका झ्याल र ढोकामा कलात्मक शैलीमा कुँदिएका फूलबुट्टा तथा आकृतिले पर्यटकलाई झनै मोहित बनाउँछ ।

■ ध्रुवसागर शर्मा

**गलेश्वर-** उत्तरतर्फ धौलागिरि, नीलगिरिलगायतका नौ वटा हिमशृंखला । दक्षिण फर्कदा बागलुङको चर्चित धार्मिक तथा पर्यटकीयस्थल पञ्चकोटको सुन्दर दृश्य । माथितिर गौश्वारा र डोलेको घना जंगल र हरियाली । तल्लोपट्टी बेनी बजारको रमणीय दृश्य । शान्त वातावरण, स्वच्छ हावापानीले धेरैको मन फुरुंग हुने म्याग्दीको ऐतिहासिक तथा प्राकृतिक महत्त्वले युक्त ज्यामरुककोट अहिले आन्तरिक पर्यटकहरूको मनमोहक स्थल बन्दै गएको छ ।

तत्कालीन पर्वत राज्यको प्रमुख सामरिक केन्द्र बनेको ज्यामरुककोट बेनी नगरपालिका-२ मा पर्दछ । थापा र मल्लकालीन विरासत बोकेको ज्यामरुककोटमा अवस्थित ऐतिहासिक र पुरातात्त्विक महत्त्वलेयुक्त सम्पदाहरू अहिले पर्यटकका लागि मुख्य आकर्षणका केन्द्र बनेका छन् । समुद्री सतहदेखि एक हजार ६४८ मिटर उचाइमा रहेको करिब ६०० वर्ष पुरानो इतिहासको आँखी झ्याल मानिने ज्यामरुककोटको ऐतिहासिक, पुरातात्त्विक र पर्यटकीय महत्त्व उजागर गर्न वडा कार्यालयले पूर्वाधार निर्माण गरेपछि यहाँका सम्पदाहरू विकाससँग जोडिएका हुन् ।

पन्ध्रौं शताब्दीमा प्रारम्भसँगै थापाहरूले राज्य गरेको ज्यामरुकोटको (खड्गभवानी कोत) परिसरलाई धार्मिक र प्राकृतिक पर्यटकीयस्थल बनाउने उद्देश्यले बेनी नगरपालिका र वडा कार्यालयले पूर्वाधार निर्माणमा तीव्रता दिएको वडाध्यक्ष यामबहादुर कार्कीले बताए । अध्यक्ष कार्कीका अनुसार यहाँ मल्लकालमा प्रयोग भएका अत्यन्त दुर्लभ हातहतियारहरू समेत रहेका छन् ।

सदरमुकाम बेनीबजारबाट छ किलोमिटर टाढा रहेको ज्यामरुककोट पछिल्लो समय पर्यटक र पैदलयात्रीको रोजाइमा पर्ने गरेको छ । दिन प्रतिदिन यहाँ घुम्न पुग्नेको संख्या बढिरहेको छ । परम्परागत रूपमा बनेका घर, यहाँ बस्ने ब्राह्मण, क्षत्री र दलित समुदायको बोलीचाली तथा सरल व्यवहारले आगन्तुकलाई स्वागत गरिरहेको छ । यहाँबाट देखिने प्राकृतिक दृश्यावलोकन र यहाँको ऐतिहासिक महिमाका कारण यहाँ पुग्ने पर्यटकको मुखबाट 'आहा ज्यामरुककोट' शब्द झट्ट निस्कने गर्दछ ।

प्राकृतिक सुन्दरता, गाउँले जनजीवन, आफ्नै रहनसहन र परम्पराले भरिएको भए पनि ज्यामरुककोटको आकर्षक भनेको यहाँबाट देखिने प्राकृतिक दृश्य, ऐतिहासिक कोतघर र गौश्वाराका परम्परागत ढुंगेघर नै हुन् । उत्तरतर्फ आँखै अगाडि देखिने सेताम्ये हिमाल, बेनी र बागलुङको सहरी दृश्य, रत्नेचौर, पञ्चकोट, पञ्चासे, मल्लाज, पुलाचौर, ढोल्ठान, ताकम, राँखुलगायत मुस्ताङ र पर्वतका दर्जनौं ग्रामीण क्षेत्रको प्राकृतिक दृश्यावलोकन तथा यहाँका घरका झ्याल र ढोकामा कलात्मक शैलीमा कुँदिएका फूलबुट्टा तथा आकृतिले पर्यटकलाई झनै मोहित बनाउँछ ।

यहाँ पुग्ने पर्यटक गाउँको ढुंगेघरले मन लोभ्याएको बताउँछन् । गत शनिबार पोखराबाट ज्यामरुककोट घुम्न पुगेका विकास सिग्देलले यहाँका घर र प्राकृतिक सुन्दरता देख्दा मनै फुरुंग भएको बताए । 'हाम्रोतिरभन्दा यहाँका घर निकै राम्रा लागे । बेनीबाट नजिकै यति राम्रो गाउँ देख्दा मनै रमायो,' उनले भने, 'यहाँको प्राकृतिक सौन्दर्य, ज्यामरुककोटको ऐतिहासिक महत्त्व र स्थानीयको जनजीवन, रहनसहन, स्वागत सत्कारले यहीँ बसिरहन मन लाग्यो ।'

पछिल्लो समय ज्यामरुककोट घुम्न आउने पर्यटकको संख्या वृद्धि हुँदै गएको स्थानीय समाजसेवी एवं व्यापारी भीमबहादुर पौडेलले बताए । उनका अनुसार वर्षाको समय भए पनि गाउँ उक्लने पर्यटकको संख्यामा कमी आएको छैन । बिदाका दिन त अझ बढी पर्यटकको भीडभाड हुने बेनी नगरपालिका-२ ज्यामरुककोटका अध्यक्ष कार्कीले बताए । 'अहिले गाउँमा बर्खाको चटारो छ । पाहुनाहरू आउनुहुन्छ अनि काम सकेर उनहरूको स्वागतमा आउँछौं,' उनले भने, 'पानी परे पनि रुझेरै आउनुहुन्छ । वर्षाको समयमा पनि पाहुनाको कमी भएको छैन ।'

सदरमुकामबाट नजिक भएकाले पैदलयात्रा गरेर पनि पर्यटक गाउँ पुग्ने गरेको अध्यक्ष कार्कीले बताए । बेनीबाट करिब एक घण्टाको पैदलयात्राबाट लभ्लीहिल हुँदै ज्यामरुककोट पुग्न सकिन्छ । गाउँको सुन्दरतासँगै यहाँबाट सूर्योदय र सूर्यास्त, पोखरा उपत्यकाको अवलोकनका साथै हिउँ पर्ने समयमा गौश्वारामा हिउँसमेत खेल्न सकिने उनले बताए ।

पर्यटकहरूका लागि यहाँ होटल तथा होमस्टेहरू रहेका छन् । होटल र होमस्टेमा कोदोको ढिँडो, स्थानीय जातका कुखुराको मासु, गुन्द्रुक, भटमासको अचार, सिस्नो र मासको दाल, वर्षाको समयमा निगुरो र टुसाको अचार तथा कोदोको रक्सीको स्वाद लिन सकिने उनले बताए । यहाँको कोसेलीको रूपमा मुलाका चाना, गुन्द्रुक तथा मौसमअनुसार सिस्नो, निगुरो, टुसा तथा भांग्रो लैजान सकिन्छ ।

गाउँसम्म पुग्ने बाटो कच्ची भएकाले पर्यटकलाई वर्षाको समयमा समस्या हुने गरेको अध्यक्ष कार्कीले सुनाए । वर्षाको समयमा आफ्नै साधन लिएर आउने पाहुनाले साह्रै दुःख पाउँछन् । यहाँ आउने बाटो कालोपत्र गर्न आवश्यक छ ।

अध्यक्ष कार्कीका अनुसार ज्यामरुककोटलाई धार्मिक, प्राकृतिक र ऐतिहासिक महत्त्वको संगमस्थल बनाउने प्रयास गरिएको छ । बेनी नगरपालिका र गण्डकी प्रदेशको पर्यटन मन्त्रालयको सहयोगमा दुई वर्षअघि २१ लाख रूपैयाँ लगानीमा मन्दिरसम्म पुग्ने ३५० मिटर पदमार्ग र रेलिङ निर्माण गरिएको थियो ।

गत वर्ष नगरपालिकाको पर्यटनतर्फबाट पाँच लाख रूपैयाँ र वडा कार्यालयको दुई लाख रूपैयाँ विनियोजित बजेटबाट कोत परिसरमा २१० मिटर घेराबार, २०० मिटर बाटो ढलान, पटांगिनी निर्माण, नाग थान र मौलो राख्ने गरिएको ज्यामरुकोट क्षेत्र विकास तथा गुठी व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण घिमिरेले जानकारी दिए । 'यहाँका ऐतिहासिक सम्पदालाई विकाससँग जोडेर पर्यटन प्रवर्द्धन गर्ने हाम्रो उद्देश्य छ, त्यस अनुरूप नै पर्यटकको आगमन बढिरहेकोले हामी खुसी छौं' अध्यक्ष घिमिरेले भने ।

वि.सं. १२४६ देखि १५४५ सम्म थापाहरूले राज्य गरेका ज्यामरुककोटमा उनीहरूले आफ्नो खाइपाइ आएको राज्य छोडेर मल्ल राजाहरूका मन्त्री र सेना बनेका र थापा राज्यको अन्त्य भएको पर्वत राज्यको इतिहासमा उल्लेख गरिएको छ । ४२ रोपनी क्षेत्रफलमा रहेको कोत परिसरमा मल्लकालीन इतिहास, तोप, खुँडा र तरबारलगायतका हातहतियार, प्राचीन शिला र इँटा, खजाना लुकाउने ठाउँ र पानीका लागि बनाइएको राजकुवा ऐतिहासिक प्रमाणस्वरूप अझै पनि आकर्षणका रूपमा रहेका छन् ।

ऐतिहासिक ज्यामरुककोटलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास आफू प्रतिबद्ध रहेको वडाध्यक्ष कार्कीको भनाइ छ । उनले खड्गभवानी कोतलाई गलेश्वर र पञ्चकोटसँग जोड्ने पदमार्ग निर्माण गर्ने योजनासहित पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको बताए । पुरातात्त्विक र ऐतिहासिक महत्त्वको ज्यामरुककोटबाट धौलागिरि, नीलगिरि, अन्नपूर्णलगायतका दर्जनौं हिमाल, सदरमुकाम बेनी बजार, पञ्चकोट र दर्जनौं ग्रामीण बस्ती देखिन्छन् ।

गुरुयोजनासहित धार्मिक पर्यटकीयस्थलको पूर्वाधार र प्रचारप्रसार गर्न नगरपालिका, वडा र स्थानीयवासीको सक्रियता देखाउन सके ग्रामीण भेगमा आन्तरिक तथा बाहय पर्यटक आगमनले स्थानीयलाई होमस्टे सञ्चालनमा टेवासँगै रोजगारी सिर्जना हुने प्रशस्त सम्भावनाहरू रहेका स्थानीय टीकाबहादुर कार्कीले बताए । 'ज्यामरुककोट प्राकृतिक दृश्यावलोकनका लागि अत्यन्तै उपयुक्त स्थान हुनुको साथै ऐतिहासिक र प्राकृतिक सुन्दरताले युक्त सम्पदा भए पनि विकासको सहज पहुँच नहुँदा पछि परेको थियो,' म्याग्दीको पर्यटन प्रवर्द्धनमा सक्रिय अभियन्ता राजेश शाक्यले भने 'बेनीदेखि भकुण्डेसम्म मोटरबाटोको सुविधा र भकुण्डेदेखि खड्गभवानी कोटसम्म पुग्न पदमार्ग निर्माण भएपछि धेरै सहज भएको छ ।' शाक्यका अनुसार अब दुई/चार वटा स्तरीय होटल एवं रेस्टुरेण्ट निर्माण गर्न सक्ने हो भने सयौं विदेशी पर्यटकलाई यहाँबाट हिमाल, नदी, गाउँ र सूर्योदय अवलोकनका लागि ल्याउन सकिन्छ ।

त्यस्तै, वडा कार्यालयको पछाडिपट्टी रहेको ऐतिहासिक राजकुवा संरक्षण र व्यवस्थापन गरी पम्पिङ वा लिफ्ट् प्रविधिमार्फत त्यहाँको पानी खड्ग भवानी कोत परिसरमा लगेर पौडी पोखरी बनाउने र त्यसको नजिकै स्तरीय रेस्टुरेन्ट सञ्चालन गर्न सकिने सम्भावना पनि रहेको उनले औंल्याए ।

ज्यामरुककोटमा पर्यटकलाई आकर्षित गर्नसक्ने प्रशस्त सम्भावना रहेका छन् । ज्यामरुककोटको कोटडाँडोबाट धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रेलगायत १५ वटाभन्दा बढी हिमशृंखलाको दृश्यावलोकन, धौलागिरि र गण्डकी क्षेत्रका ३० वटाभन्दा बढी गाउँ, सूर्योदय, ग्रामीण सौन्दर्य र सदरमुकाम बेनीबजारका साथै म्याग्दी नदी र कालीगण्डकीको नागबेली दृश्य देख्न सकिन्छ ।

यहाँ थापा र मल्ल राजाको ताम्रपत्रमा अंकित इतिहास, तोप, खुँडा, तरवारलगायतका हातहतियार, प्राचीन शिला र इट्टा, खजाना लुकाउने ठाउँ र पानीका लागि बनाइएको राजकुवा अझै अस्तित्वमा रहेका अर्जुन माध्यमिक विद्यालयका भूतपूर्व प्रधानाध्यापक एवं हाल विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टीकाबहादुर कार्कीले बताए ।

कोटडाँडोसम्म मोटरबाटोको सुविधा हुने र त्यहाँ एउटा भ्यु टावर निर्माण गरेर त्यस क्षेत्रको पर्यटकीय र प्राकृतिक सौन्दर्यको बारेमा प्रचारप्रसार गर्नसक्ने हो भने अन्नपूर्ण र धौलागिरि क्षेत्रको भ्रमणका लागि बेनी आएका २५ प्रतिशत पर्यटक त्यहाँ पुग्न सक्ने धौलागिरि पर्यटन परिषद्का अध्यक्ष अमर बानियाँको भनाइ रहेको छ ।

त्यसैगरी ज्यामरुककोट जैविक विविधताले पनि सम्पन्न रहेको छ । जैविक खेती, ठूलाखोलाबाट ल्याइएको चिसो पानी, विभिन्न पक्षी, मह, भटमास, कालो दाल, स्थानीय जातका खसी, कुखुरा र हाँस, चिबे, कालिज र तित्रो, वन ढुकुर र वन कुखुरो, तरुल, भ्याकुर र सखरखण्ड यहाँ प्रशस्त मात्रामा पाइन्छन् । विभिन्न जातजातिले आफ्नो जातीय पहिचानका झलक देखाउने, नृत्य प्रस्तुत गर्ने र सामाजिक सद्भावलाई कायम गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने गरेको भकुण्डे युवा क्लबका सल्लाहाकार डिलबहादुर कार्कीले जानकारी दिए । *रासस*



# पूर्ववडाध्यक्षको कृषिकर्म

■ खेमराज गौतम

**गलकोट-** बागलुङको गलकोट नगरपालिका-१ दुदिलाभाटीका नेत्रबहादुर बुढाथोकी यतिबेला अलैँची स्याहरको सुसार गर्दै छन् । सुन्तला खेतीबाट व्यावसायिक कृषि पेसा थालेका बुढाथोकी क्रमशः अलैँची खेती, बंगुरपालन र तरकारी खेतीमा लागेका मात्रै छैनन् आफ्नो वडामा व्यावसायिक कृषक जन्माउन उनको ठूलो हातसमेत छ ।

वि.सं. २०६८ मै २०० सुन्तलाका बिरुवा लगाएर सुन्तला खेती थालेका बुढाथोकीलाई परिवारले धान खाने खेत मासेर रुख रोपेको भन्दै गालीसमेत गरे । अहिले वर्षमा सुन्तला खेतीबाटै झण्डै तीन लाख रूपैयाँ कमाइ भएर धान खेतीभन्दा तेब्बर नाफा भएपछि परिवारका व्यक्तिसमेत बुढाथोकीको कृषि कर्मलाई सघाउनेतर्फ लागे ।

गलकोटकै बढी व्यावसायिक कृषक रहेको दुदिलाभाटीमा किसानलाई व्यावसायिक बनाउन थालेका बुढाथोकीले किसानकै मनमा बसेको र जनतामा परिचित भइसकेको पत्तै पाएनन् । फलस्वरूप २०७४ सालको स्थानीय तहको निर्वाचनमा गलकोट-१ को वडाध्यक्ष निर्वाचित भएका थिए ।

'वि.सं. २०६८ मा कृषि विकास कार्यालयमार्फत १५ रूपैयाँका दरले २०० सुन्तलाका बिरुवा पाँच रोपनी धान फल्ने खेतमा लगाएको थिएँ, ५० बिरुवा मरे, अहिले १५० बिरुवाले उत्पादन दिइराखेका छन्, गत वर्षमात्रै सुन्तला बिक्री गरेर तीन लाख रूपैयाँ कमाएको थिएँ,' बुढाथोकीले भने, 'सुन्तलासँगै व्यावसायिक तरकारी र अलैँची खेतीको सम्भावना देखेर स्थानीयलाई व्यावसायिक उत्पादनमा लगाउन थालेपछि जनतासँग नजिक भइयो, २०७४ सालमा वडाध्यक्षमा निर्वाचित भएपछि नगरपालिका र वडाको बजेटसमेत कृषिमा केन्द्रित गरेँ, अहिले यस वडामा आलु पकेट, बाख्रा पकेट, अलैँची ब्लक र किवी पकेटका कार्यक्रम सञ्चालित छन् ।'

बुढाथोकीले सुन्तलाको आम्दानी बढे पनि अलैँची, तरकारी र बंगुरपालन नयाँ भएकाले लगानीमै रहेको जानकारी दिए । सुसंगम फलफूल तथा पशुपालन केन्द्र नामको फार्म दर्ता गरेका बुढाथोकीले पाँच रोपनी धान खेतमा सुन्तला खेती गर्दै आएका छन् । यस्तै उनी घुसुवाबालीका रूपमा सोही क्षेत्रफलमा अलैँची खेती गर्दै आएका छन् ।

'सुरुमा सुन्तलाका बिरुवा लिएर रोप्न खोज्दा बुवाले दिनुभएन, अनि मकै लगाएर बीचमा सुन्तला लगाएँ,' उनले भने, 'धान खेतको लगानीबाट भन्दा सुन्तला खेतीबाट तेब्बर कमाउन सकिन्छ, मेरो परिवारले मात्रै होइन सबै किसानले बुझिसकेका छन्, अहिले बागलुङमा ठूलो आम्दानीको रूपमा सुन्तला खेती छ ।'

गत वर्ष २८ क्विन्टल सुन्तला १०० रूपैयाँभन्दा माथिल्लो भाउमा घरबाटै बिक्री गरेको बुढाथोकीको भनाइ छ । आफ्नै वडाध्यक्षको कार्यकालमा वडामा अलैँची ब्लक क्षेत्र कार्यक्रम स्थापना भएपछि आफूसमेत पुनः अलैँची खेतीमा लागेको उनको भनाइ छ । अहिले दुदिलाभाटीमै अलैँची बिक्रीबाट एकै किसानले वर्षमा पाँचदेखि सात लाख रूपैयाँसम्मको आम्दानी गरिरहेको बुढाथोकीले जानकारी दिए ।

उनले कृषि ज्ञान केन्द्रको सहयोगमा चार लाख रूपैयाँ लागतमा एउटा हाइटेक टनेल स्थापना गरेर व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । कृषिमा प्राप्त सफलतापछि बुढाथोकीले पशुपालनमा आकर्षित भएर १० लाख रूपैयाँ लगानीमा तीन वर्षदेखि बंगुर फार्मसमेत सञ्चालनमा ल्याएका छन् ।

बुढाथोकीको बंगुर फार्ममा अहिले साना-ठूला १८ बंगुर रहेका छन् । ४०० रूपैयाँ प्रतिकिलोमा स्थानीय हटिया, नरेठाँटीलगायतका बजारमा बंगुरको मासु बिक्री हुने गरेको छ । तीन माउ राखेर सुरु गरेको बंगुरपालन व्यवसाय फस्टाउँदै गएको र १० लाख रूपैयाँ लगानी केही वर्षमै उठ्ने उनको विश्वास छ । वि.सं. २०७४ को स्थानीय निर्वाचनमा वडाध्यक्ष हुनुभन्दा पहिलासमेत कृषिमै भएकाले जनप्रतिनिधि भइसकेपछि समेत पुरानै अवस्थामा फर्किएको उनको भनाइ छ ।

आफ्नो वडाध्यक्षको कार्यकालमा कृषिमा बजेट बढाउने, कृषि भ्रमण गराउने, वडामा किवी पकेट कार्यक्रम लागू गर्नेलगायतका काम गरेको उनको भनाइ छ । अहिले दुदिलाभाटीमा किवीको मात्रै पाँच हजार बिरुवा लगाइएको जानकारी दिए । कृषि र पशुपालनबाट बचत भएको समयमा बुढाथोकी सामाजिक कामसँगै राजनीतिमासमेत सक्रिय रहँदै आएका छन् । पूर्ववडाध्यक्ष बुढाथोकी राष्ट्रिय जनमोर्चा बागलुङको जिल्ला सदस्य छन् । राजनीति र जनप्रतिनिधि भनेको पेसा नभएर सेवा भएकाले आर्थिक जीवनस्तर उकास्न र अरुलाई उदाहरणीय बन्नका लागि आफू कृषि तथा पशुपालनमा लागेको उनको भनाइ छ ।

'अहिले जनप्रतिनिधिलाई जागिरका रूपमा लिने प्रचलन छ, त्यस्तो होइन, जनप्रतिनिधि हुनुभन्दा पहिला किसान थिएँ, अहिले पनि किसान छु, जनप्रतिनिधि भएर अरुलाई यो गर त्यो गरभन्दा आफूले पनि त केही गरेर देखाउनपर्‍यो,' उनले भने । बुढाथोकीको घर फार्म नजिकै कृषि निर्देशनालयको १० लाख रूपैयाँको लागतमा कृषि उपज संकलन केन्द्रसमेत निर्माण गरिएको छ । *रासस*



**डेंगुको विषादी छर्कंदै** | लामखुट्टेको टोकाइबाट हुने डेंगुबाट बच्न दित्तेलमा चलाइएको 'लामखुट्टेको लार्भा खोजी गरी नष्ट गर्ने' अभियानमा विषादी छर्कंदै प्राविधिक । *तस्बिरः केदार मगर/रासस*

# तटबन्धले फर्कायो खुसी

**मनाङ (प्रस)**- हिमाली जिल्ला मनाङमा ठूलो बाढीपहिरो आएको दुई वर्ष पूरा भयो । मानवीय क्षति नभए पनि धेरै संरचनामा क्षति पुग्यो । बाढीपहिरोका कारण अहिले यहाँका कतिपय स्थानको संरचना नै फेरिएको छ । कतिपय ठाउँका बासिन्दालाई स्थानान्तरण गर्ने योजना बनाइए पनि उपयुक्त स्थान तत्काल नपाइएपछि त्रिपालमुनि बसेर पनि स्थानीयवासीले समय कटाए ।



बाढीले गाउँको बस्ती नै अन्यत्र सर्नुपर्ने बाध्यता आयो । सबै तहबाट गाउँको बस्ती नै अन्यत्र स्थानान्तरण गर्ने प्रयास भए पनि स्थानीयवासी स्थानान्तरण हुन चाहेनन् र यही गाउँमा बस्नका लागि सुरक्षित वातावरयण बनाउन माग गरे । उनीहरूको माग पनि पूरा भयो । नासों गाउँपालिका-१ तालगाउँकी अञ्जु तामाङ बाढीका कारण आफन्तसँग यति रमाइलो गाउँ बस्ती नै छाडेर जानुपर्छ भनेर आत्तिएको बताइन् ।

उनले भनिन्, 'करिब दुई वर्ष पूरा भएपछि हाम्रो खुसी फर्किएको छ, बाढीले बसाइँसराइ गर्न बाध्य होइन्छ कि भनेर आत्तिएका हामी अहिले खुसी छौं ।' बाढी आएको लामो समयपछि तटबन्ध बनाएर अहिले तालगाउँ सुरक्षित बनाइएको तामाङले बताइन् । पदमार्ग हुँदै मनाङ प्रवेश गर्दा पर्यटक तालगाउँमा बास बस्न पुग्दछन् । होटल व्यवसाय गर्दै आएकी अञ्जुले यहाँ होटल व्यवसाय र खेतीपातीका लागि पनि उपयुक्त वातावरण भएको उल्लेख गरिन् ।

'हाम्रो रहनसहन, संस्कार, संस्कृति र परम्परा मनाउँदै आएको ठाउँमै अहिले हामी सुरक्षित भएका छौं,' उनले भनिन्, 'विशेषगरी पालुङटार कुण्डुटार सिँचाइ आयोजनाले तटबन्ध गरी यहाँको बस्तीलाई सुरक्षित बनाउन विशेष भूमिका निर्वाह गरेको छ ।' अञ्जुले भनिन्, 'गाउँमा नदीको बहाव पस्नसक्ने जतिकै पर्खाल लगाइएको छ, अहिले हामी ढुक्कसँग सुत्छौं, पहिलेको जस्तो चिन्ता लाग्दैन ।' तटबन्धले सुरक्षित भएसँगै यहाँको संरचना निर्माणमा स्थानीयवासी लागिपरेका छन् । यहाँ धमाधम नयाँ संरचना निर्माणले गाउँ सुरक्षित भएको अनुभूति गर्न सकिन्छ ।

मर्स्याँदी नदीमा बाढी आए जतिकै तटबन्ध लगाई अहिले बस्ती सुरक्षित गरिएको छ । यस बस्तीलाई सुरक्षित बनाउन तात्कालीन प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्य र पालुङटार कुण्डुटार सिँचाइ आयोजनाका प्रमुख दीपेन्द्रप्रसाद आचार्यको भूमिका महत्त्वपूर्ण रहेको स्थानीयवासीले बताए । छिटो बस्तीलाई सुरक्षित बनाउने उद्देश्यले उक्त आयोजना र तात्कालीन प्रजिअले उपभोक्ता समितिमार्फत काम गरेको स्थानीयवासी आन्द्रे गुरुङको भनाइ थियो ।

'बस्तीको सुरक्षाका लागि लामो प्रक्रियालाई संस्थाले छोटचाएर काम अगाडि बढाएको छ । उपभोक्ता समितिमार्फत काम गर्दा आफ्नो गाउँलाई सुरक्षित बनाउन छिट्टै नै काम सम्पन्न भएको छ । उपभोक्ता समितिमार्फत काम नगरेको भए अझै ढिला हुन्थ्यो, यो वर्खामा पनि डराएरै सुत्नुपर्ने अवस्था हुन्थ्यो, अहिले काम छिटो हुँदा आरामले सुत्न पाएका छौं,' उनले भने ।

पालुङटार कुण्डुटार सिँचाइ आयोजनाका प्रमुख दीपेन्द्रप्रसाद आचार्यले तालगाउँको बस्तीलाई जोखिमको समयमा कसरी हुन्छ छिटो सुरक्षित बनाउने कार्यमा आफ्नो ध्यान केन्द्रित भएको बताए ।

'लामो प्रक्रियाबाट काम गर्दा जोखिममा आत्तिएका तालगाउँबासीको सुरक्षामा हामीले ध्यान दिनुपर्ने हुन्थ्यो, बोलपत्रको प्रक्रियाबाट काम गर्दा अहिलेसम्म पनि आधा काम गर्न सकिने अवस्थामा हुँदैन थियो, यस वर्षको बर्खामा पनि त्रयत्रयमा रहनुपर्ने हुन्थ्यो, उनीहरूकै जिम्मा दिएर छिटो काम गरेका हौं,' उनले भने ।

त्यहाँको तटबन्ध निर्माणका लागि आर्थिक वर्षको अन्त्यतिर बजेट विनियोजन भएको र बोलपत्र प्रक्रियाबाट जाँदा लामो समय लाग्ने हुँदा बजेट फ्रिज हुने अवस्थामा यस्तो निर्णय गरिएको प्रमुख आचार्यले स्पष्ट पारे । 'तटबन्ध निर्माणका लागि बोलपत्र प्रक्रियाबाट अगाडि बढ्दा छ महिना लाग्छ, मनाङको मौसम अन्य जिल्लाको जस्तो बाह्रै महिना अनुकूल हुँदैन, यसले गर्दा उपभोक्तामार्फत काम गराएका हौं र छिटो काम भएको छ,' उनले भने ।

बस्ती तटबन्धले सुरक्षित बनाइएपछि यहाँ पुराना संरचना पुनर्निर्माणका साथै नयाँ संरचना पनि निर्माण भइरहेको छ । बाढीले क्षति पुगेका घर, भवन र होटलको मर्मतसम्भारसँगै यहाँको व्यवसाय पनि अहिले तंग्रिँदै गएको छ । यसले गर्दा स्थानीयबासीमा खुसी छाएको छ ।

# नगर अस्पताल निर्माणमा ढिलाइ

**नवलपुर-** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा नगर अस्पतालको १५ शयचा क्षमताको भवन निर्माणमा ढिलाइ भएको छ। सम्झौताअनुसार अस्पताल निर्माण गर्ने समय सकिएर म्याद थप गर्दा पनि कामले गति लिन सकेको छैन।

वि.सं. २०८० जेठ १३ गतेभित्र भवन निर्माण सम्पन्न गर्नेगरी काठमाडौंको ड्रागन कन्स्ट्रक्सन प्रालिले वि.सं. २०७८ जेठ १४ मा ठेक्का सम्झौता गरेको थियो। निर्धारित समयमा भवन निर्माण सम्पन्न नभएपछि आगामी फागुन १३ गतेसम्मका म्याद थप गरिएको नगरपालिकाका प्रवक्ता शिवकान्त तिवारीले बताए । उनका अनुसार हालसम्म २३ प्रतिशतमात्रै भौतिक प्रगति भएको छ । कोरोनालगायत विभिन्न कारण देखाउँदै म्याद थपका लागि माग गरेपछि नौ महिना समय थपिएको प्रवक्ता तिवारीले बताए ।

भवन निर्माणका लागि गैँडाकोट छनोट भएपछि संघीय सरकारले बजेट विनियोजन गरेको थियो । अत्याधुनिक १५ शयचा क्षमताको भवन निर्माणका लागि निर्माण पक्षसँग १२ करोड १५ लाख ७८ हजार रूपैयाँमा सम्झौता भएको प्रवक्ता तिवारीले बताए । उनका अनुसार सम्झौताअनुरूप तीन छुट्टाछुट्टै भवन निर्माण गर्नुपर्नेछ ।

तीनमध्ये एउटाको पहिलो तला ढलान भएको, एउटाको डिपिसी मात्रै गरिएको छ भने तेस्रो भवनको डिपिसीका लागि खाल्डोमात्रै खनिएको नगरपालिकाका पूर्वाधार शाखाप्रमुख इञ्जिनियर निरजकुमार क्षेत्रीले जानकारी दिए । शव राख्ने भवनको काम सुरु गर्न बाँकी रहेको जानकारी दिँदै उनले काम समयमा नै सम्पादन नभएको सम्बन्धमा यसअघि नगरपालिकाले पत्र काटेको जानकारी दिए । नियमित काम गर्दा थपिएको समय सीमाभित्रै निर्माण सम्पन्न हुने उनको भनाइ थियो। वर्षायाममा ठूला ढलान कार्य प्रभावित हुने क्षेत्रीले बताए ।

अस्पताल परिसरमा रहेको बुद्ध मूर्ति र गुम्बालाई स्थानान्तरण गर्न समय लागेकाले निर्माणमा ढिलाइ भएको निर्माण पक्षको दाबी छ। सम्झौता अवधिभित्र कार्य सम्पन्न नहुनाका १३ कारण पेस गरी निर्माण पक्षले म्याद थपको माग गरेको थियो।

निर्माण कम्पनीका तर्फबाट अमृत भुर्तेलले कोभिडको प्रभाव, कार्यस्थलमा रहेको गुम्बा स्थानान्तरणमा ढिलाइ हुनु, माटो परीक्षणमा समस्या, पेस्की र नगद भुक्तानी समयमा नपाउनु, बजार महँगी, सामग्री अभाव, निर्वाचनको असरलगायत कारणले निर्माण प्रभावित भएको बताए । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOULAT ZAFARANA HOSPITALITY AND CLEANING

पूर्व स्वीकृति मितिः २०८०/०२/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१९ LT. No. 287096 चलानी नं. ६०२०२४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Cook | 0 | 6 | 1200 | ४३,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMA AL MAJD MAINTENANCE AND CLEANING COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/१९ LT. No. 290347 चलानी नं. ६०२०५६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPER CONSTRUCTION CO LTD

पुर्व स्वीकृति मिति २०८०/०३/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. :289473 चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade II | 5 | 0 | 16,665 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | carpenter grade II | 10 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 3 | Electrician grade II | 2 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 4 | Foreman Grade II | 3 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 5 | Mason grade II | 65 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 6 | Plant Operator Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 7 | Plumber GRADE II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 8 | Scaffolder Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 9 | Steel fixer grade II | 7 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 10 | Tilers Grade II | 5 | 0 | 16,665 | ४८,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Bheri skill development center Pvt.ltd, Nepalgunj मा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०९५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAY KEE FROZEN FOOD & TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०४/१९ LT. No. 290419 चलानी नं. ६०२०५६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HAPPY GRASS PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/१९ LT. No. 290426 चलानी नं. ६०२०५६५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLOURISH TIMBER (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 273629 चलानी नं. ६०२०१२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 50 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः WESSAM AL KHALEEJ COMPANY LTD

पूर्व स्वीकृति मिति २०८०/०४/१८ LT. No.290396 चलानी नं. ६०२०५६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Electrician | 1 | 0 | 1600 | ५६,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,४०० | | | | | | | |
| 3 | Tire Compound | 1 | 0 | 1600 | ५६,३५५ | | | | | | | |
| 4 | Vehicle Plumbers | 1 | 0 | 1600 | ५६,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २८ गते (13th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWADER AL TANFEEZ FOR OPERATION & MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 261539 चलानी नं. ६०१७७७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 50 | 0 | 1000 | ३५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

प्रभाव दैनिक





## वैशाखे घाममा समारिका र सुरेशको रोमान्स

गायक तथा संगीतकार नागेन्द्र श्रेष्ठको वैशाखे घाम बोलको गीतको भिडियो सार्वजनिक भएको छ । सार्वजनिक गीतमा गीतकार लाल कार्की अन्जानको शब्द श्रृजना रहेको छ भने संगीत वरिष्ठ गायक तथा संगीतकार नागेन्द्र श्रेष्ठको रहेको छ । गीतमा एरेन्ज विक्कल खड्काले गरेका हुन् । जसमा मिक्सिङ तथा मास्टरिङ सागर सुब्बाको रहेको छ । गीतमा गायिका सुनिता कार्कीको स्वर रहेको छ । भिडियोमा पछिल्लो समयकी चर्चित मोडल तथा टिकटकर समारिका ढकाल र सुरेश कोहलीको अभिनय देख्न सकिन्छ । भिडियोको निर्देशन शिवाजी क्षेत्रीले गरेका हुन् ।



शनिबार, २० साउन २०८० (Saturday, August 5, 2023)

# चलचित्र हलमा 'अदृश्य' र 'बगान'







■ प्रभाव संवाददाता

**काठमाडौं–** 'सस्पेन्स थ्रिलर' कथामा आधारित नेपाली चलचित्र 'अदृश्य' प्रदर्शन भएको छ । प्रह्लाद काफ्लेको निर्देशनमा तयार भएको चलचित्रमा अभिनेता प्रमोद अग्रहरी, रवी गिरी, रिस्ता बस्नेत, प्रवीन खतिवडा, प्रिन्स प्रसिड सिंहलगायत मुख्य भूमिकामा छन् ।

अभिनेता अग्रहरीले चलचित्रको छायांकन कोरोना महामारीकै समयमा गरिएको जानकारी दिए । उनले भने, 'सस्पेन्स र थ्रिलर कथामा नेपाली चलचित्र कम बन्ने गरेका छन् । एकै कथावस्तु भएको भन्दा पनि यस चलचित्रबाट फरक विषय र प्रस्तुतीकरण दर्शकले पाउनुहुनेछ । मैले पनि चलचित्रको विधाअनुसार आफ्नोस्वरूप तयार गरेको छु ।'

यसै चलचित्रमार्फत निर्देशन प्रारम्भ गर्नुभएका निर्देशक काफ्लेले सामाजिक विषयवस्तुमा थ्रिलर प्रस्तुती दिएको बताए । 'हामीले राम्रो चलचित्र बनाउन सक्दो कोसिस गरेका छौँ', उनले भने । उनका अनुसार चलचित्रमा छुल्ठिम गुरुङ, सिएम भारद्वाज सुवेदी, विकेश प्रजापती, गीत विष्ट, सुरज विष्ट, जसिता घिमिरे र प्रतीक भुजेलगायतले अभिनय गरेका छन् ।


चलचित्रमा राकेश रनपालको कथा, आकाश उखेडाको पटकथा तथा संवाद लेखन, उत्तम हुमागाईं र मोहनकुमार झिल्लुको छायांकन, विशाल पौडेलको सङ्गीत सिर्जना, शिशिर खातीको नृत्य निर्देशन, मुकेश शाहको पार्श्व सङ्गीत सिर्जना तथा निशान घिमिरेको रङ संयोजन रहेको छ ।

त्यस्तै, चौथो सातामा चलचित्र 'बगान' प्रदर्शन भइरहेको छ । पूर्ण पारिवारिक विधामा तयार पारिएको चलचित्रमा एकल आमाको कथालाई प्रमुख विषय बनाइएको निर्देशक सरोज खनालले जानकारी दिए । अभिनेताका रूपमा तीन दशकभन्दा लामो समय बिताइसकेका खनाल यही चलचित्रमार्फत निर्देशक बनेका हुन् ।

'एकल आमाले परिवारका सदस्य र समाजबाट के कस्तो अपेक्षा राख्दछन् भन्ने विषय चलचित्रमा देखाएका छौं, यसमा समस्यामात्र होइन समाधान पनि देखाउने कोसिस गरेका छौँ', उनले भने, 'स-परिवारसँगै यो चलचित्र हेर्दा आफू वा आफ्नाको कथा महसुस गर्नुहुनेछ ।'

चलचित्रमा निर्देशक खनालसँगै करिश्मा मानन्धर, नीर शाह, वसुन्धरा भुसाल, मिथिला शर्मा, प्रमिला कार्की, आकाश श्रेष्ठलगायत कलाकारले अभिनय गरेका छन् । यसलाई गीतकार सुरेश वाग्लेले निर्माण गरेका हुन् । स्वप्निल निरवको कथामा तयार भएको उक्त चलचित्र रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका वितरण गरेको छ भने मोफसलमा एफडी कम्पनीले गरेको छ ।

# डेब्यु फिल्मबाटै मन जितेकी **प्रमिला**



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र 'बगान' चौथो सातामा प्रदर्शनरत् छ । साता बढ्दै गर्दा यसको दर्शक पनि बढेका छन् । दर्शककै 'वर्ड अफ माउथ'को कारण चौथो सातामा प्रवेश गरेको 'बगान' हेर्न हलमा परिवार नै देखिने गरेका छन् ।

दर्शकले चलचित्रमा आमा बनेकी करिश्मासँगै छोरीको भूमिकामा रहेकी नवअभिनेत्री प्रमिला कार्कीको तारिफ गरेका छन् । प्राय दर्शक यी दुवैलाई आफ्नो कथा व्यक्त गरेको भन्दै धन्यवाद दिइरहेका छन् । नवअभिनेत्री प्रमिलाको कामको तारिफ दर्शकसँगै सेलिब्रेटीले समेत गरेका छन् । प्रिमियरसँगै आयोजित अन्य सोमा चलचित्र हेर्न पुगेका सेलेब्सले प्रमिलाको आत्मविश्वास र कामको प्रसंशा गरेका थिए ।

विशेष प्रदर्शनी हेरेपछि हास्यकलाकार किरण केसीले प्रमिलाले पात्र बाँचेको प्रतिक्रिया दिएका थिए । प्राप्त प्रतिक्रियाले उनि उत्साहित छिन् । दर्शकको माया र अग्रजको आशिर्वादले मेहनत सफल भएको आभाष उनलाई भएको छ ।

'मैले सुरुआत नै अभिनयमार्फत नै गरेकी थिएँ । अभिनय सिक्न र निरन्तरता दिन नै म बुटवलबाट काठमाडौं आएकी हुँ', प्रमिलाले भनिन्, 'म काठमाडौं आएर नाट्यकर्मी अनुप बरालसँग अभिनयसम्बन्धी प्रशिक्षण लिनुका साथै दुई नाटकमा काम समेत गरेँ । यद्यपि टेलिभिजन र म्युजिक भिडियोमा सक्रियता वढेको कारण मलाई त्यताबाट चिन्नु हुन्छ ।'

फिल्ममा उनले प्राप्तिको भूमिका निर्वाह गरेकी छिन् । जो निडर र आफ्नो आत्मविश्वासले समाजमा अन्य भन्दा फरक छिन् । 'जस्तो सुकै परिस्थितिसँग लड्ने, परिवर्तनका निमित क्रान्ति गर्न पछाडी नपर्ने, जस्तो स्वभाव प्राप्तिमा छ । त्यो भूमिकालाई मैले आफ्नै बाहिरी जीवनमा समेत महसुस गरेकी छु,' प्रमिलाले भनिन्, 'म ठूलो पर्दामा देखिएको भन्दा पनि कस्तो संदेश र क्यारेक्टरमार्फत प्रस्तुत हुँदैछु भन्ने मलाई लाग्छ । चलचित्रमा मनोरञ्जनसँगै सामाजिक संदेश पनि हुनुपर्छ भन्ने मलाई लाग्छ ।'

उनी टेलिभिजनमार्फत पनि महिला शसक्तिकरणका विषयमा आवाज उठाइरहेकी थिइन् । सिनियर र अनुभवी कलाकारसँग काम गर्दा सुरुमा केही असहज जस्तो महसुस भए पनि काम गर्ने क्रममा त्यस्तो नभएको उनको अनुभव छ ।

'म सम्पूर्ण सिनियर कलाकारको व्यक्तित्वसँग प्रभावित थिएँ । तर, काम गर्दा मैले क्यारेक्टर बाँचे, उसकै अनुसार प्रस्तुत भएँ । मलाई उहाँहरूले सहजता दिनुका साथै सुझाव पनि दिनुभयो', प्रमिलाले भनिन् । म्युजिक भिडियोमार्फत सुन्दरता प्रस्तुत गरेकी प्रमिला फिल्ममा अभिनयको सुन्दरता प्रस्तुत गरेकी छिन् । उनी आफ्नो पात्रमार्फत् युवालाई सिक्ने र बुझ्ने मौका मिल्ने बताउँछिन् ।

चौथो सातामा प्रवेश गरेको चलचित्र प्राप्त सो हाउसफुल हुनुका साथै उच्च अकुपेन्सीका साथ प्रदर्शन भइरहेको वितरक करण श्रेष्ठले जानकारी दिए । 'बगानले दर्शक तान्दा हामी मात्र नभई सम्पूर्ण उद्योग नै खुसी छ । किनकि नेपाली चलचित्र चल्दा सबैलाई फाईदा छ', वितरक श्रेष्ठले भने, 'यो चलचित्र पश्चात विदेशी ठूला चलचित्र पनि आए । यद्यपि दर्शकको साथ दिनुभएकै कारण अहिलेसम्म हाउसफुलका साथ प्रदर्शनरत् छ ।'

अभिनेता सरोज खनालले प्रथम पटक निर्देशन गरेका चलचित्र 'बगान'मा करिश्मा मानन्धर, आकाश श्रेष्ठ, प्रमिला कार्की, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको अभिनय रहेको छ । अभिनेत्री कार्कीले यही चलचित्रबाट अभिनयमा डेब्यु गरेकी हुन् ।

स्वप्निल नीरव को कथामा आधारित रहि बनेको यो चलचित्र नेपाली वेबसाइट डटकमको प्रस्तुतिमा बनेको हो । 'बगान'का निर्माता तथा गीतकार सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर हुन् ।

यसमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, सन्देश शाहको सम्पादन, समिर मियाँको भि.एफ.एक्स. तथा रेनिश फागोको कलर करेक्सन रहेको छ ।

ब्याकराउन्ड स्कोर सुजिल कर्माचार्य र साउन्ड मिक्सिंग मुकेश शाहको रहेको छ । हरि लम्साल र सुवास भुसालको संगीत रहेको चलचित्रका गीतमा अञ्जु पन्त, सुगम पोखरेल र अस्मिता अधिकारीको स्वर रहेको छ । यसको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र मोफसलमा एफडी कम्पनीले गरिरहेको छ ।



# पहिलोपटक विश्व साइक्लिङमा सहभागी हुँदै नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली खेलाडीले पहिलोपटक विश्व साइक्लिङ च्याम्पियनसिपमा सहभागी जनाउने भएका छन् । अगष्ट ३ देखि १३ तारिखसम्म स्कटल्यान्डको ग्लास्गोमा हुने प्रतियोगितामा १ पुरुष र १ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

नेपालका लागि पुरुषमा सुरज राना मगर तथा महिलामा उषा खनालले एउटै स्पर्धा एमटीबी क्रस कन्ट्रीमा प्रतिस्पर्धा गर्ने छन् । दुवै खेलाडीले चीनमा हुने १९ औं एसियाली खेलकुदमा सहभागिता जनाउनेछन् ।

उषाले १३ औं दक्षिण एसियाली खेलकुदमा एमटीबी क्रस कन्ट्रीमै रजत जितेकी थिइन् । नेपाली टोलीको व्यवस्थापकमा नेपाल साइक्लिङ संघका महासचिव रञ्जन राजभण्डारी रहेका छन् । टोली आइतबार स्कोटल्यान्ड प्रस्थान गर्ने छ । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले बिहीबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# चेल्सीमा फ्रान्सेली डिफेन्डर

**काठमाडौं (प्रस)–** चेल्सीले फ्रान्सेली डिफेन्डर एक्सल डिसासीलाई अनुबन्धन गरेको छ । लण्डन क्लबले फ्रान्सेली क्लब मोनाकोबाट ४५ मिलियन युरोमा ६ वर्षका लागि डिसासीलाई अनुबन्धन गरेको हो ।

वेस्ले फोफानालाई गम्भिर चोट लागेपछि २५ वर्षका डिसासीलाई चेल्सीले अनुबन्धनका लागि प्रक्रिया अघि बढाएको थियो ।

डिसासीले गत सिजन लिग वान क्लब मोनाकोबाट सबै ३८ म्याच खेलेका छन् । 'म एउटा महान परिवारको सदस्य बन्न पाउँदा ज्यादै खुसी छु ।' डिसासीले भनेका छन् । 'म यहाँ धेरै ठुला चिज हासिल गर्न आएको हुँ । धेरै उपाधि जित्न । ती सबै उपलब्धि हासिल गर्न म सबै चिज गर्नेछु । म धेरै महत्वकाक्षी समेत छु ।' उनले भनेका छन् ।

चेल्सीले फ्रान्सेली गोलकिपर रोबर्ट सान्चेजलाई भर्खरै अनुबन्धन गरेको छ । स्पेनिस सहकर्मी मोइजेस कौसेडोलाई धेरै प्रस्ताव लैजादा समेत असफल बनेपछि चेल्सीले स्पेनकै गोलकिपर सान्चेजलाई अनुबन्धन गरेको हो ।

डिसासीले फ्रान्सका लागि चार म्याच खेलेका छन् । सन् २०२२ को विश्वकपको फाइनलमा बैकल्पिक खेलाडीको रूपमा उनी मैदान छिरेका थिए । उनी सन् २०२० मा मोनाको गएपछि १ सय २९ खेलमा सहभागीता जनाएका थिए ।

# ज्ञानेन्द्र मल्लले लिए क्रिकेटबाट सन्यास

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान ज्ञानेन्द्र मल्लले क्रिकेटबाट सन्यास घोषणा गरेका छन् ।

शुक्रबार राजधानीमा एक पत्रकार सम्मेलनको आयोजना गर्दै उनले क्रिकेटबाट सन्यास लिएको घोषणा गरेका हुन् ।

आफुले घरेलु क्रिकेट समेत नखेल्ने ज्ञानेन्द्रले बताएका छन् । ज्ञानेन्द्रले सन् २००६ मै चार दिवसीय प्रतियोगिता आइसीसी इन्टरकन्टिनेन्टल कपमा नामिबियाविरुद्ध खेलेर राष्ट्रिय टिममा डेब्यू गरेका थिए ।

मल्ल सन् २००५ मा यू-१५ टोलीको सदस्य रहेका थिए । यसै समयमा उनी क्रमस यू-१७ र यू-१९ टोलीमा परेका थिए । ज्ञानेन्द्रले सन् २००६ मा खेलेका थिए।

ज्ञानेन्द्रले ३५ एकदिवसीय खेलमा ८५६ रन बनाएका छन् । त्यस्तै ४५ टी-ट्वान्टी अन्तर्राष्ट्रियमा ८८३ रन बनाएका छन् । उनले टी-ट्वान्टी अन्तर्राष्ट्रियमा शतक बनाएका छन् ।



## ज्ञानेन्द्रको राजीनामा...

**उपस्थित सम्पूर्णमा नमस्कार,**

छोटो समयको सूचनाको बाबजुत पनि मेरो निमन्त्रणालाई स्वीकार गरेर उपस्थित हुनुभएकोमा सम्पूर्णमा आभारी छु । प्लाइट लिस्टी बोकेर बनाएको ब्याट, पत्रिका पानीमा भिजाएर बरबर बनाएर बनाएको बल खेल्दा-खेल्दै राष्ट्रिय टोलीमा जोडिएको पनि झण्डै दुई वर्ष भइसकेछ । १८ वर्षसम्म चन्द्र सूर्य अंकित जर्सी लगाएर देशको प्रतिनिधित्व गर्ने अवसर पाएँ । कप्तान र उपकप्तान बनेर देशको झण्डा काँधमा बोकेर देशको प्रतिनिधित्व गर्न पाएँ ।

राष्ट्रको आशा र सपनाको प्रतीक बनेर मैदानमा उत्रेर आफ्नो शतप्रतिशत दिन पाएँ । यो अवसरका लागि म धेरै कृतज्ञ छु । आएका कठिन परिस्थितिहरूलाई पनि सिकाइको रूपमा लिएँ । समग्रमा भन्नुपर्दा म निकै सन्तुष्ट छु । सानो हुँदादेखि नै मलाई यो खेल खेल्नमा हौसला दिने मेरो टोल भिमसेन स्थानका मेरा अग्रज दाइहरू, साथीभाइहरू ।

मरो क्रिकेटलाई राष्ट्रिय क्रिकेट टोलीसम्म पुऱ्याउन सहयोग गर्ने एंगाल क्लब । विनोदराज भण्डारी दाई उहाँलाई सम्झन चाहन्छु । मेरो परिवार विशेषगरी मेरी श्रीमती जसले मेरो हरेक सुख दुःखमा साथ दिइन् । मेरी छोरी क्रिकेटको खुसी बनिन् ।

मेरो क्रिकेटलाई आकार दिन सहयोग गर्ने क्रिकेट प्रशिक्षक र समर्थकलाई पनि आभार व्यक्त गर्न चाहन्छु । मैले प्यारापिटमा क्रिकेट खेल्दै गर्दा हौसला र ऊर्जा प्रदान गरिदिनुहुने, जितमा खुसी दिने र हारमा अर्कोपटक जितका लागि ऊर्जा दिने समर्थकहरूको माया मेरो जीवन जिउने आधार रहिरहनेछ । यो पवित्र खेल क्रिकेटको मेरो अस्तित्वको साहरा हो ।

स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्म खेल्ने क्रममा यसले मलाई जीवन दृढ संकल्प र एकताको बारेमा धेरै पाठ सिकाएको छ । मैदानको हरेक पाइलामा आफ्नो देशको प्रतिनिधित्व गरेकोमा म खुसी छु । तर, प्रकृतिको नियम हो जन्मपछि मृत्यु अवश्य हुन्छ । क्रिकेटमा पनि कुनै समय मैले कसैलाई 'रिप्लेस' गरेको थिएँ होला, यो मेरो समय हो ।

त्यसैले मैले आज मेरो अन्तर्राष्ट्रिय क्रिकेट यात्रामा विराम लगाएर एउटा फरक तरिकाले नयाँ सुरुआत गर्ने निर्णय गरेको छु । इमान्दरीका साथ भन्नुपर्दा अहिले मेरो मन मुटु भारी भइरहेको छ । जुन खेलले मलाई यहाँहरू सबैमाझ चिनाउन सफल भयो मान प्रतिष्ठा दियो । सोही खेलबाट बिदा लिन पक्कै सजिलो छैन् ।

तर, यो बिदाइ होइन यो मेरो नयाँ अध्याय हो । एउटा यात्रा जहाँ म खेलकुदको कट्टर समर्थक यसको विकासको साक्षी र मेरो माया गर्ने देशको झण्डा सधैं उच्च भएको हेरेर बस्नेछु । अन्त्यमा आदरणीय समर्थक, सहयोग गर्नुभएकोमा पारस खड्कालगायत सबै टिममेटलाई धन्यवाद । तपाईंहरूको साथ सहयोग मैदानभित्रसँगै बाहिर पनि पाउनेछु ।

# जलवायु मुद्दामा चीन गम्भीर नभएको अमेरिकी आरोप

**वासिङ्टन-** अमेरिकाले जलवायु मुद्दामा चीन गम्भीर नभएको आरोप लगाएको छ । आफ्ना राजनीतिक लक्ष्य हासिल गर्न बेइजिङले विश्वलाई बेवास्ता गरेको आक्षेप पनि वासिङ्टन लगाएको छ ।

जलवायु परिवर्तनका प्रतिकूल प्रभाव कम गर्ने सन्दर्भमा चिनियाँ अधिकारीहरूसँग वार्ता गर्न हालै बेइजिङ पुगेका अमेरिकी जलवायु दूत जोन केरीलाई चीनका उपराष्ट्रपति हान झेङले जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्न चीन तयार रहेको तर त्यसका लागि चीनका राजनीतिक माग पूरा हुनुपर्ने सर्त अघि सारेका थिए ।

पारस्परिक सम्मानमा आधारित चीन-अमेरिका सम्बन्धलाई अघि बढाउन बेइजिङ तयार रहेको, जलवायुसम्बन्धी मुद्दामा पनि बहस गर्न प्रतिबद्ध रहेको तर ताइवान मामिला, दक्षिण चीन सागर विवादलगायत विषयमा अमेरिकी हस्तक्षेप अस्वीकार्य हुनेमा उनले जोड दिएको सरकारी समाचार समिति सिन्ह्वाले जनाएको छ ।



जलवायु परिवर्तनसम्बन्धी विषयलाई लिएर अमेरिका र चीनबीचको मतभेद अझ बढेको छ । तत्कालीन अमेरिकी प्रतिनिधिसभाका सभामुख न्यान्सी पेलोसीले ताइवा भ्रमण गर्दा चिसिएको वासिङ्टनसँगको बेइजिङसँगको सम्बन्ध जलवायु परिवर्तनका असरलाई लिएर अझ बिग्रिएको छ । सन् २०३० सम्ममा कार्बनडाइअक्साइड उत्सर्जन बन्द गर्ने र सन् २०६० सम्ममा कार्बन न्युट्रल बन्ने लक्ष्य प्राप्तिमा चीन बाधक हुन नहुनेमा अमेरिकाको जोड छ ।

अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिञ्जरसँगको भेटमा पनि चिनियाँ बाहय मामिला आयोगका निर्देशक तथा पूर्वविदेशमन्त्री चीनका वाङ यीले पनि ताइवान मामिलालाई लिएर त्यहाँ अमेरिकी सहयोग रोकिनुपर्ने तथा राष्ट्रपति साई इंग-वेनको नेतृत्वको ताइवान सरकारसँगको सम्पर्कबाट टाढा रहनुपर्ने सर्त पेश गरेका थिए । एक स्वतन्त्र नागरिकको रूपमा बेइजिङ भ्रमणमा पुगेका किसिञ्जरमार्फत अमेरिकालाई बेइजिङले दिएको सन्देश ताइवानको स्वतन्त्र 'अस्तित्व अस्वीकार गर्नुपर्छ' भन्ने थियो ।

तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले अवलम्बन गरेको नीतिलाई नै वाइडेन प्रशासनले पनि निरन्तरता दिएको छ । उत्पादन र उपभोगमा विश्वको अग्रणि राष्ट्र चीनमा कोइलाका नयाँ थर्मल पावर प्लान्ट निर्माण भइरहेका छन् जसले जलवायु परिवर्तनका गम्भीर मुद्दालाई ओझेलमा पारेका छन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २००६ देखि कार्बन उत्सर्जनमा अमेरिकालाई उछिनेको चीनले यसमा आफूलाई अझै पनि अग्रपंक्तिमा कायम राखेको छ भने अमेरिकाको कार्बन उत्सर्जनमा केही कमी आएको छ । चीन विश्वको सबैभन्दा अधिक कार्बनडाइअक्साइड उत्सर्जन गर्ने देश बनेको छ । *रासस/एएनआई*

## रूसी रक्षामन्त्रीले गरे युक्रेनको लडाइँ क्षेत्रको निरीक्षण

**मस्को-** रुसी रक्षामन्त्री सर्गेई शोइगुले युक्रेनको कमाण्ड पोस्टको निरीक्षण गरेका छन् । उनले वरिष्ठ सैन्य अधिकारीहरूसँग भेट्न युक्रेनको लडाइँ क्षेत्रको भ्रमण गरेको सेनाले शुक्रबार बताएको छ ।

शोइगुले मोर्चाको अवस्थाको बारेमा अद्यावधिक जानकारी प्राप्त गरेका र पूर्वी युक्रेनको लाइमानमा सफल आक्रामक अपरेसनका लागि कमाण्डर र सिपाहीहरूलाई धन्यवाद दिएको सेनाले जनाएको छ ।

टेलिभिजन तस्बिरहरूले युक्रेनको केन्द्रीय सैन्य एकाइका प्रमुख जनरल एन्ड्री मोर्दभिचेभले प्रस्तुत गरेको प्रतिवेदन सुनिरहेको देखाइएको छ । मन्त्रीलाई स्वीडिस सि-भी ९० मा चढेको पनि देखाइएको थियो ।

युक्रेनमा मस्कोको सेनासँग लडिरहेको रुसी अर्धसैनिक समूह वाग्नरको असफल विद्रोहपछि शोइगुले अन्तिमपटक जुनको अन्त्यमा यो भ्रमण भएको हो । *रासस/एएफपी*

## महोत्सवमा झडप हुँदा स्वीडेनमा ५० जना घाइते

**स्टकहोम-** स्टकहोममा इरिट्रियन सांस्कृतिक महोत्सवमा बिहीबार हिंसात्मक झडप हुँदा कम्तीमा १०० जनालाई पक्राउ गरिएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

घाइतेमध्ये आठ जनाको अवस्था गम्भीर रहेको बताइएको छ । घाइतेहरूलाई अस्पताल लगिएको छ । झडपमा तीन प्रहरी अधिकारीहरू पनि घाइते भएको स्विडेनी प्रसारक एसभिटीले उल्लेख गरेको छ ।

करिब एक हजार एरिट्रियन सरकार विरोधी प्रदर्शनकारीहरूले उत्सव कार्यक्रममा आक्रमण गरेको र प्रहरी अधिकारीहरूलाई ढुंगा प्रहार गरेको स्वीडेनी सञ्चारमाध्यमले जनाएको छ । तीन दशकअघि इथियोपियाबाट स्वतन्त्रता प्राप्त गरेको अफ्रिकी देशको सांस्कृतिक सम्पदालाई चिनाउन सन् १९९० को दशकदेखि इरिट्रिया-थिम्ड फेस्टिभल आयोजना गरिँदै आएको छ ।

हाल, हजारौं इरिट्रियन मूलका मानिसहरू स्वीडेनमा बसोबास गरिरहेका छन् । प्रहरीले भने कि हिंसात्मक दंगा, आगजनी र आपत्कालीन सेवाहरूको तोडफोडका बारेमा अनुसन्धान सुरु गरिएको जनाएको छ । *रासस/सिन्ह्वा*

## ओकारा नजिकै डुंगा पल्टिँदा ७ जनाको मृत्यु

**इस्लामाबाद-** पाकिस्तानको सतलज नदीमा थाली जमाल ओकारा नजिकै डुंगा पल्टिँदा महिला र बालबालिकासहित सात जनाको मृत्यु भएको छ ।

एआरवाई न्युजले स्रोतलाई उद्धृत गर्दै सोबारे जानकारी दिएको छ । स्रोतका अनुसार डुंगा अत्यधिक भारका कारण पल्टिएको हो । डुंगामा ५० भन्दा बढी मानिस सवार थिए ।

नदीबाट सात जनाको शव निकालियो भने धेरै यात्रुले ज्यान जोगाउन सफल भएका थिए । पञ्जाबका कार्यवाहक मुख्यमन्त्री मोहसिन नक्वीले सम्बन्धित अधिकारीहरूलाई उद्धार कार्यलाई तीव्रता दिन निर्देशन दिएका छन् ।

यसअघि उमरकोट जिल्लाको धोरो नारो नजिक कलंकर तालमा डुंगा पल्टिँदा कम्तीमा छ जनाको मृत्यु भएको एआरवाई न्युजले जनाएको छ ।

यसैगरी सेहर फकिर दरबारमा श्रद्धाञ्जलि अर्पण गर्न १० जना चढेको डुंगा पल्टिँदा छ जनाको डुबेर मृत्यु भएको हो । घटनास्थलमा प्रहरी र उद्धार टोलीले पोखरीबाट तीन बालबालिकाको शव निकालेको छ । अन्धकारका कारण उक्त क्षेत्रमा उद्धार कार्य रोकिएको र बेपत्ता भएका तीन जनाको खोजीका लागि बिहान पुनः सुरु गरिने एआरवाई न्युजले जनाएको छ । *रासस/एएनआई*


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०/०४/२०

यस कम्पनीको मिति २०८०/०४/१० मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रिषा आई.भि.एफ. नेपाल प्रा.लि. (प्रा.लि. नं. २८७४१९** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्यासिफिक आई.भि.एफ. सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : RANGERS SECURITY SERVICES WLL

पुर्व स्वीकृति मिति २०८०/०२/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 287463 चलानी नं.६०२०२८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guard | 12 | 5 | 1500 | ५४,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ देखि ३२ गते (12-17th Aug. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : COMET BIOGREEN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 285557 चलानी नं. ६०२०१०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४५५/०७४/०७५

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**

Dhapasi-9, Basundhara Tole, Kathmandu, Tel: +997-1-4356889

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : UTAMA P& E SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 285924 चलानी नं. ६०२०१३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१५९४/०७९/८०

**Global Dynamic Manpower Solution Pvt. Ltd**

Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497

E-mail: globaldynamics1594@gmail.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SHI SHENG INTERNATIONAL SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०१/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 285174 चलानी नं. ६०२००५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 4 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**

Govt. License 1211/073/074

बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६

फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९

इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

**कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ABDUL HAMEED SALEM SONS COMM. CO. WLL

पुर्व स्वीकृति मिति २०८०/०१/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 285466 चलानी नं. ६०२०१०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 300 | 153 | 85 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७/२८ गते (12/13th Aug. 2023) मा हुनेछ ।

कम्पनी : DAKHILA SAEED SERAJ AL-MALKI FOUNDATION FOR WEDDINGS AND EVENTS

पुर्व स्वीकृति मिति २०८०/०४/१८ LT. No. 290342 चलानी नं. ६०२०५६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Flower And Plant Seller | 1 | 0 | 1600 | ५६,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LAND COFFEE

पूर्व स्वीकृति मिति २०८०/०४/१२ LT. No. 290058 चलानी नं. ६०२०५६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF VALUES INDUSTRY COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१९ LT. No. 286238 चलानी नं. ६०२०५६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1200 | ४२,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1300 | ४५,७९० | | | | | | | |
| 3 | Smith | 1 | 0 | 1500 | ५२,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २७ गते (12th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२२०० | प्रति तोला – ११११६५० | प्रति तोला – १४२५ |



तनहुँको व्यास नगरपालिका–५ मानुङकोटबाट देखिएको चापाघाट । साथै, मादी नदी र मादी नदीमाथि रहेको पक्की पुल । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

## ‘अर्थतन्त्र चलायमान बनाइराख्न पुँजीगत खर्च बढाउँछौं’

■ प्रभाव संवाददाता

**पर्सा** – अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्र थप चलायमान बनाउन पुँजीगत खर्च बढाउने गरी सरकारले काम गरिरहेको बताएका छन् ।

नेपाल प्रेस युनियन पर्साले शुक्रबार वीरगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा अर्थमन्त्री डा. महतले विगतमा पुँजीगत खर्च कम हुँदा आर्थिक वृद्धिदर कम भएको बताए । विगतमा अर्थतन्त्रमा देखिएको समस्या बिस्तारै समाधान हुँदै गएको भन्दै उनले छिल्लो समय विदेशी मुद्रा सञ्चितिको अवस्थामा सुधार आएको उल्लेख गरे । उनले उच्च ब्याजदरका कारण कर्जा प्रवाहमा देखिएको समस्या समाधानमा सरकार लागेको उनको भनाइ छ ।

उनले राजस्व संकलन गर्ने निकायका कर्मचारीले गर्ने दुरूपयोग, त्रुटि, उदासिनता र निष्क्रियता मान्य नहुने भन्दै पारदर्शिता, राजस्व वृद्धिमा




ध्यान निर्देशन दिइसकेको जानकारी दिए । मन्त्री महतले वर्तमान सरकारको मुख्य लक्ष्यलाई सुशासन, सेवा प्रवाहमा प्रभाविकारिताको प्रत्याभूति र विकास निर्माणलाई गति दिनुरहेको बताए ।

सो अवसरमा उनले दुई दशकदेखि बन्द वीरगञ्ज चिनी कारखानालगायतका रुग्ण उद्योग पुनःसञ्चालनका विषयमा सरकारले सम्भाव्यता अध्ययन गरिरहेको जानकारी दिए ।

अर्थमन्त्री महतले वीरगञ्जस्थित कृषि औजार कारखाना मर्मतसम्भार गरी पुनः सञ्चालनमा ल्याउन अर्थमन्त्रालयले राष्ट्रिय आविष्कार केन्द्रलाई तत्कालका लागि रु एक करोड बजेट उपलब्ध गराइसकेको पनि जानकारी दिए । उनले सरकारसँगको सम्झौताअनुसार केन्द्रलाई रु २५ करोड दिने उल्लेख भएको र त्योमध्ये हालका लागि रु एक करोड अर्थमन्त्रालयबाट निकासा भइसकेको बताए ।

## ७८ आयोजनाले बुझाए प्रतिवेदन

■ प्रभाव संवाददाता

**काठमाडौं–** वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागमा आर्थिक वर्ष २०७९/८० मा ७८ आयोजनाले स्वःअनुगमन प्रतिवेदन बुझाएका छन् । उक्त प्रतिवेदन बुझाउनेमा १३ जलविद्युत् आयोजना, एक विद्युत् प्रसारण लाइन, तीन स्वास्थ्य क्षेत्र, दुई पर्यटन क्षेत्र र ५९ उद्योग रहेको विभागका महानिर्देशक शिवलाल तिवारीले जानकारी दिए ।

विभागले २०७९ चैत ५ गते ‘उद्योग, प्रतिष्ठान एवं आयोजनाले स्वःअनुगमन प्रतिवेदन पेश गर्नेबारे अत्यन्त जरुरी सूचना’ जारी गरेको थियो । उक्त सूचनापश्चात् विभागमा उद्योगबाहेक अन्य क्षेत्रबाट पनि प्रतिवेदन प्राप्त हुन थालेको छ । सोही सूचनाबमोजिम माथिल्लो मस्याङ्दी ‘ए’ जलविद्युत् आयोजनाले यस अवधिमा दोस्रो स्वःअनुगमन प्रतिवेदन पनि विभागमा बुझाइसकेको छ ।

महानिर्देशक तिवारी भने, ‘केही उद्योगले सूचना प्रकाशन पूर्व पनि नियमित रूपमा स्वःअनुगमन प्रतिवेदन विभागमा बुझाइरहेका थिए । यसरी नियमित प्रतिवेदन बुझाउनेमा एसियन पेन्ट्स नेपाल प्रालि, बोटलर्स नेपाल लिमिटेड, गोर्खा ब्रुअरी, पञ्चकन्या ग्रुप, निम्बस कल्टिभेटिङ पाटनरसिप, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, युनिलिभर नेपाल लिमिटेड, पीबिटि वेस्ट इन्डस्ट्रिज लिमिटेड आदि रहेका छन् ।’ आव वर्ष २०७९/८० मा विभिन्न चरणमा गरी ७८ आयोजनाबाट कूल एक सय छ स्वःअनुगमन प्रतिवेदन विभागमा प्राप्त भएका थिए ।

विभागले गत जेठ २ गते पुनः सोही सूचना जारी गर्दै स्वःअनुगमन गरेर प्रतिवेदन अनिवार्य बुझाउन सूचित गरेको थियो । अझै पनि कतिपय उद्योग, प्रतिष्ठान र आयोजनाबाट स्वःअनुगमन प्रतिवेदन स्वस्फुर्तरूपमा प्राप्त हुन नसकेको विभागको भनाइ छ । समयमै स्वःअनुगमन प्रतिवेदन बुझाउन विभागले पटकपटक सूचनामार्फत आह्वान गरिरहेको छ । प्रतिवेदन बुझाउन अटेर गरी वातावरण संरक्षणमा चासो नदिने उद्योग, प्रतिष्ठान एवं आयोजनालाई प्रचलित कानुनबमोजिम कारबाही हुने महानिर्देशक तिवारीले बताए ।

वातावरण संरक्षण ऐन, २०७६ मा वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा वातावरण विभागले अनुगमन तथा मूल्यांकन गर्ने प्रावधान छ । नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मापदण्डको पूर्णपालना गर्नुपर्ने दायित्व हरेक उद्योग, प्रतिष्ठान तथा आयोजनाको रहेको छ ।

त्यस्तै वातावरण संरक्षण नियमावलीमा वातावरणीय अध्ययन स्वीकृत भएका प्रत्येक आयोजनाले वातावरणमा पारेको प्रतिकूल प्रभावको न्यूनीकरणका लागि अपनाइएका उपाय र त्यसको प्रभावकारिताका सम्बन्धमा प्रत्येक छ/छ महिनामा स्वःअनुगमन गरी प्रतिवेदन विभागमा पेश गर्नुपर्ने व्यवस्था छ ।

विभागले गर्दै आएको वातावरणीय अनुगमनका क्रममा प्राप्त निर्देशनअनुसार उद्योगले आफ्नो उद्योग परिसरको वायु, उत्सर्जन, ध्वनि र फोहरपानीको स्थिति प्रयोगशालामा परीक्षण गराई सोको प्रतिवेदन आव २०७२/७३ देखि विभागमा बुझाउन थालेका हुन् ।

## शाइन रेसुंगाको सेयर बिक्रीमा

**काठमाडौं (प्रस)–** शाइन रेसुंगा डेभलपमेन्ट बैंकले ५० हजार कित्ता सेयर शुक्रबारबाट बिक्रीमा राखेको छ । बैंकले संस्थापक समूहको ५० हजाार कित्ता सेयर बिक्रीमा राखेको हो । यो सेयरमा विद्यमान संस्थापक सेयरधनीसँगै जोकाही व्यक्ति तथा संस्थाले खरिद आवेदन दिन सक्नेछन् । बिक्रीमा राखिएको सेयरको न्यूनतम मूल्य प्रतिकित्ता १६५ रूपैयाँ तोकिएको छ। यसको अर्थ खरिद आवेदन दिँदा न्यूनतम मूल्य वा सोभन्दा बढी बोलकबोल गर्नुपर्नेछ ।

## बढ्दै छ गलैँचा, कार्पेट, यार्सागुम्बादेखि अम्रिसो निर्यात

**काठमाडौं–** गत आर्थिक वर्षमा नेपालको व्यापार घाटा साढे रु १४ अर्बभन्दा बढी छ । अर्थात् मुलुकमा निर्यातभन्दा आयातको मात्रा निकै ठूलो छ । व्यापार घाटा कम गर्नका लागि निर्यात बढाउनुको विकल्प छैन । सरकारले व्यवस्थित तवरले निर्यातजन्य वस्तु तथा सेवा उत्पादन र बिस्तार गर्न सके उल्लेख्य मात्रामा विदेशी मुद्रा आर्जन गर्दै व्यापार घाटा कम गर्न सकिन्छ ।

यद्यपि नेपालले केही यस्तो वस्तुहरू छन् जसको निर्यातबाट राम्रो आम्दानी गरिरहेको छ । जसमध्ये गलैंचा, अलैंची, अम्रिसो, कुकुर तथा बिरालोको खाना, यार्सागुम्बा पनि पर्छन् । जसको निर्यातबाट गत आवमा मुलुकले रु २४ अर्बभन्दा बढी आम्दानी गरेको छ । भन्सार विभागको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा नेपालबाट रु ४१ अर्ब बढीको कार्पेट (गलैंचा) निर्यात भएको छ । गत आवमा २०७९/८० मा रु एक ११ अर्ब ५० करोड ६६ लाख २३ हजारको गलैंचा निर्यात भएको विभागको भनाइ छ ।

यहाँ उत्पादन हुने गलैंचा अमेरिका, जर्मनी, बेलायतलगायतका मुलुकमा निर्यात हुन्छ । ऊन तथा जनावरका रौंबाट बनेका यस्ता गलैंचाको माग विशेष गरी अमेरिका तथा युरोप नै हो । गत आवमा अमेरिकामा मात्रै रु सात अर्ब १८ करोड २५ लाख ६७ हजार बराबरको गलैंचा निर्यात भएको छ । साथै जर्मनीमा रु ८८ करोड ७० लाख २२ हजार, बेलायतमा रु ७८ करोड ७५ लाख ७६ हजार, इटलीमा रु ६१ करोड ४६ लाख ६२ हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । साथै गत आवमा फ्रान्समा रु ३४ करोड २५ लाख ९२ हजार बराबरको गलैंचा निर्यात भएको छ ।

भन्सार विभागका अनुसार अघिल्लो आवमा कूल रु नौ अर्ब ५६ करोड ७७ लाख ३० हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । त्यस्तै आव २०७७/७८ मा रु सात अर्ब २४ करोड ४० लाख ५० हजार, आव २०७६/७७ मा रु छ अर्ब १५ करोड ७७ लाख छ हजारको तथा आव २०७५/७६मा रु सात अर्ब ३६ करोड ९६ लाख ९५ हजारको गलैंचा विभिन्न देशमा निर्यात भएको छ ।

विभागका अनुसार गत आवमा रु आठ अर्बभन्दा बढीको अलैंची निर्यात भएको छ । मुलुकको वैदेशिक व्यापारमा अलैंची निर्यातको मूख्य भूमिका छ । गत आवमा रु आठ अर्ब २७ करोड ६५ लाख ९७ हजार मूल्य बराबरको अलैंची मूलुकबाट निर्यात भएको छ । जुन अघिल्लो आवमा रु चार अर्ब ८१ करोड ३४ लाख ६५ हजार थियो ।

विभागका अनुसार आव २०७७/७८ मा रु सात अर्ब एक करोड आठ लाख २९ हजार, आव २०७६/७७ मा रु दुई अर्ब ५३ करोड ९५ लाख ९५ हजार तथा आव २०७५/७६ मा रु दुई अर्ब ७१ करोड ४९ लाख ४२ हजार बराबरको अलैंची निर्यात भएको छ । नेपालबाट भारत, पाकिस्तान, इटली तथा जर्मनीलगायत मूलुकमा अलैंची निर्यात हुने गरेको छ ।

पछिल्लो केही वर्षयता नेपालबाट निर्यात हुने वस्तुमा कुकुर तथा बिरालोको खानासमेत पर्दै गएको छ । विगत पाँच वर्षमा मात्रै मुलुकबाट रु १० अर्बको यस्ता वस्तु निर्यात भएको विवरण भन्सार विभागले सार्वजनिक गरेको छ । गत आवमा मात्रै रु तीन अर्ब ४० करोड ९० लाख ७३ हजार मूल्य बराबरको यस्ता वस्तु मूलुकबाट बाहिरिएको विभागले सार्वजनिक विवरणमा उल्लेख छ । गत आवमा रु दुई अर्ब ९६ करोड ७६ लाखका यस्ता वस्तु अमेरिका निर्यात भएको थियो ।

त्यस्तै रु २९ करोड ४२ लाख ३५ हजारको क्यानडा, रु तीन करोड ९३ लाख ५६ हजार बराबरको जापान निर्यात भएको सार्वजनिक विवरमा उल्लेख छ । नेपालले अघिल्लो आवमा रु दुई अर्ब ९१ करोड १९ लाख ३९ हजारको कुकुर तथा बिरालोका लागि बनेका यस्ता खानेकुरा निर्यात गरेको छ । त्यस्तै आव २०७७/७८मा रु एक अर्ब ९६ करोड ५० लाख ४६ हजार, आव २०७६/७७ मा रु एक अर्ब २२ करोड ८३ लाख ५६ हजार तथा आव २०७५/७६ मा रु एक अर्ब पाँच करोड २८ लाख ७६ हजारको यस्ता वस्तु मुलुकबाट निर्यात भएको विवरण्मा उल्लेख छ ।

नेपालबाट निर्यात हुने वस्तुमा अम्रिसो पनि पर्छ । विभागका अनुसार पछिल्लो पाँच वर्षमा अम्रिसो निर्यातबाट रु तीन अर्ब ३३ करोड छ लाख ९२ हजार आम्दानी भएको छ । गत आवमा रु एक अर्ब ८८ लाखको अम्रिसो भारत निर्यात भएको छ । नेपालबाट निर्यात हुने अम्रिसोको मूख्य गन्तव्य भारत हो । *रासस*

## फल नपाक्दै किबी किसानलाई बजारको चिन्ता

**झापा–** पश्चिम इलामको देउमाई–३ का तेजबहादुर कटुवालले १५ रोपनीमा लगाएको किबीका बोटमा यतिबेला फल लटरम्म फलेका छन् । गाउँमा उन्नत किसानका रूपमा परिचित कटुवाल लहरामा लटरमम्म किबी हेरेर मुस्कुराउँछन् । तर, उनको मनमा भने आउँदो पाक्ने सिजनमा बजारमा भाउ नपाइने हो कि भन्ने चिन्ता लहरिएको छ ।

‘विसं २०६७ मै एक सय ५० भ्याङ रापेर किबीखेती सुरु गरेको हुँ’, उनी मनको बह पोख्दै भन्छन्, ‘यसपाली साह्रै राम्रो फलेको छ । कात्तिकदेखि पाक्न सुरु हुन्छ । तर बजारमा भाउ पाइएन भने त बर्बादै हुन्छ नि ।’

पूर्वी पहाडको इलाम र पाँचथरमा किबीखेती विस्तार भइरहेको छ । भूवनोट र हावापानीका कारण विज्ञले इलामलाई किबीको खानी नै मानेका छन् । राम्रो फलेर मात्र हुँदोरहेनछ । बिक्री गर्ने बेलामा कौडीको मोलमा विचौलियालाई दिनुपर्दा किसान निराश हुने गरेका छन् । इलामको देउमाई, साखेजुङ, सन्दकपुर र माइपोखरीमा किबीखेती प्रवर्द्धनका लागि ‘किबी जोन’ नै सरकारले घोषणा गरेको छ । पाँच सय हेक्टर जग्गामा किबीखेती भएपछि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले ‘किबी जोन’ घोषणा गरेर प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत सहयोग गर्दछ ।

‘किबी जोन’मा सरकारले किसानलाई प्रविधि, उपकरण, अनुदान र तालिमसम्बन्धी सहयोग दिँदै आएको छ । इलामका किसान सरकारले किबीको उत्पादन बढाउन सहयोग गरे तापनि दीगो बजारका लागि पर्याप्त मद्दत नगरेको गुनासो सुनाउँछन् ।

कटुवालले किबीको व्यावसायिक खेतीका लागि पानीटार कृषि फार्म स्थापना गरे । कृषि ज्ञानकेन्द्र इलामले किबीको लहरालाई फलामको दीगो थाङ्ना हाल्न सुरुमा रु पाँच लाख अनुदान दिएको थियो । थाङ्नो हाल्न मात्रै रु सात लाख निजी लगानी गरेको उनले बताए । बर्सेनि किबी खेती विस्तार गर्दै उनले अहिले देउमाईकै सबैभन्दा ठूलो किबी फार्म सञ्चालन गरिरहेका छन् ।

किबीलाई स्वादिलो र पौष्टिक फल मानिन्छ । यसको बजार भने झापाको विर्तामोड, मोरङको विराटनगर, सुनसरीको धरान र काठमाडौं नै हो । किसानले उत्पादन गरेको किबी फल कतिपय व्यवसायीले फार्ममै आएर खरिद गर्छन् भने व्यापारी नआउँदा टिपेर बजार पुऱ्याउने गरेको उनले बताए । किसानका अनुसार कात्तिक महिनादेखि माघसम्मको चार महिना किबी पाक्ने बेला हो । चरा, भ्याउसो नामको जङ्गली जनावरले किबीको बोटमै गएर खाएर बाली नष्ट गर्दै आएको हुँदा पाकेका बेला रुँघेर खेतबारीमै बस्नुपर्ने हुन्छ ।

‘एक सिजनमा ४० देखि ५० क्विन्टल किबी फल्छ’, पानीटार कृषि फार्मका सञ्चालक तेजबहादुर कटुवालले भने, ‘सुरुका वर्षमा बोटमै टिपेर क्विन्टलको रु ५० हजारका दरले भाउ हालेर खरिदेले लैजान्थे । गत वर्ष मुस्किलले १५ हजारका दरले दिए । यसपाली पनि भाउ बढेन भने डुबिने भइयो ।’

भारतबाट सस्तो किबीको निर्वाध आयात भइरहेका कारण स्थानीय उत्पादनले बजारमा उचित भाउ नपाएको किबी उत्पादक कटुवालको भनाइ छ । उनका अनुसार इलाममा प्रशस्त किबी उत्पादन भए तापनि सरकारले जुस, जाम र वाइन कारखाना खोल्न प्रोत्साहित गरेन ।

धनकुटाको राजारानीमा माउन्ट एभरेस्ट वाइनरी प्रालिले किबीबाट वाइन उत्पादन गरिरहेको छ । कटुवालले किबीको सबैभन्दा बढी उत्पादन हुने इलाममै वाइन, जुस र जामको कारखाना खोल्नसके किबी किसान लाभान्वित हुने बताए । आर्थिक वर्ष २०७९/८० मा काँकडभिट्टा नाकाबाटै रु दुई करोड ८५ लाख २० हजार मूल्य बराबरको ७१ मेट्रिकटन भारतीय किबी भित्रिएको पाइएको छ । भारतबाट भित्रिने किबी सस्तो हुने गरेको छ ।

कोशी प्रदेशका झापा र सुनसरीबाहेक १२ जिल्लामा किबीको व्यावसायिक खेती हुँदै आएको छ । कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयका कृषि अर्थविज्ञ सार्थक घिमिरेका अनुसार कोशी प्रदेशको किबी रोपिएको कूल क्षेत्रफलमध्ये आधाभन्दा बढी खेती इलाममै छ ।

उनका अनुसार कोशी प्रदेशमा एक हजार दुई सय ७८ हेक्टर क्षेत्रफलमा किबी खेती छ भने वार्षिक उत्पादन तीन हजार पाँच सय ४७ मेट्रिकटन रहेको छ । जबकी, इलामको किबीखेती सात सय हेक्टरमा विस्तार भइसकेको छ भने वार्षिक उत्पादन एक हजार पाँच सय मेट्रिकटन रहेको छ ।

नेपालभर दुई हजार पाँच सय ९९ हेक्टर क्षेत्रफलमा किबीखेती गरिएको र त्यसबाट सात हजार छ सय ९८ मेट्रिकटन फल उत्पादन हुँदै आएको छ । कृषि अर्थविज्ञ घिमिरेका अनुसार देशभरको किबी खेतीमध्ये आधा इलाममै रहेको छ ।

इलामपछि पाँचथरमा दुई सय ५० हेक्टर र सोलुखुम्बुमा एक सय १५ हेक्टर क्षेत्रफलमा किबीखेती हुँदै आएको छ । खोटाङमा ४०, संखुवासभामा ३६, भोजपुरमा ३५, ताप्लेजुङमा ३०, धनकुटामा २४, तेह्रथुममा १६, उदयपुरमा १५ र मोरङमा १५ हेक्टर क्षेत्रफलमा किबीखेती हुँदै आएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  **मुद्रण**: एक्सप्रेस कलर प्रेस,  **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ